news 24 दैनिक

वर्ष १३ अंक १५ राष्ट्रिय दैनिक ४ भदौ २०८२, बुधबार भदौ कृष्ण द्वादशी नेपाल संवत् ११४५ Wednesday 20 August 2025 www.news24dainik.com पृष्ठ ८ मूल्य १० रुपैयाँ

### गौर हत्याकाण्ड छानबिनको परमादेशले जसपा आन्दोलित

# घटनाको मुख्य योजनाकार प्रभु साह भएको दाबी



काठमाडौंको माइतीघरमा मंगलबार विरोध प्रदर्शन गर्दै जसपा कार्यकर्ता। *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

**बालविक्रम कार्की**
**रौतहट, भदौ ३**

गौर हत्याकाण्ड छानबिनका लागि सर्वोच्च अदालतले परमादेश जारी गरेसँगै जनता समाजवादी पार्टी आन्दोलित भएको छ। १८ वर्ष अघिको उक्त घटना हुँदा जसपा मधेशी जनअधिकार फोरम थियो, त्यसका अध्यक्ष थिए अहिलेका जसपा अध्यक्ष उपेन्द्र यादव।

छानबिन भए नेता यादवसहित जसपाका नेताहरू अनुसन्धानमा तानिने भन्दै पार्टीले देशका विभिन्न भागमा विरोध प्रदर्शन गरेको छ। सर्वोच्चको परमादेशको खबर सार्वजनिक भए लगत्तै सोमबार साँझ मधेशका विभिन्न ठाउँमा सामान्य कोणसभा गरेका जसपाका स्थानीय नेता-कार्यकर्ताले मंगलबार भने काठमाडौंसँगै मुलुकका विभिन्न जिल्लामा नाराबाजीसहित विरोध प्रदर्शन गरेका छन्।

रौतहट सदरमुकाम गौरमा विरोध आयोजित विरोध प्रदर्शनमा सहभागीले सरकारविरुद्ध चर्का नाराबाजी गर्दै नगर प्ररिक्रमा गरेका छन्। उनीहरूले केन्द्र सरकार र प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध नाराबाजी गरे। सर्वोच्चको परमादेश सरकारको इसारामा आएको आरोप लगाए।

गौरको बिपी चोकबाट सुरु भएको जुलुसले अदालत चोकमा पुगेर कोणसभामा गरेको थियो। त्यसमा जसपा नेताहरूले गौर हत्याकाण्ड उपेन्द्र यादवका कारण नभई माओवादीको हिंसात्मक गतिविधिको उपज भएको र त्यसको प्रमुख योजनाकार प्रभु साह रहेको दाबी गरे।

जसपाका रौतहट जिल्ला अध्यक्ष राजीव रञ्जनले प्रभु साहको ग्राण्ड डिजाइनमा गौर हत्याकाण्ड भएको दाबी गरे। 'त्यो हत्याकाण्ड प्रभु साहको ग्राण्ड डिजाइनमा भएको हो। म यसमा सरकारलाई यसमा चुनौती दिन चाहन्छु,' उनले भने, 'त्यो बेला मधेशी जनअधिकार फोरमले स्थानीय प्रशासनसँग अनुमति लिएर हप्तौ अगाडि सूचना प्रकाशित गरेर गरिरहेको अवस्थामा प्रभु साहले जिल्लाका विभिन्न डाँकाहरू, कथित माओवादीहरूलाई प्रलोभन देखाएर रामजानकी धर्मशालामा बसाएका थिए। सुनियोजित ढंगले प्रभु साहले आफ्नो डकैतहरू बोलाएर, ड्रग्स खुवाई रौतहटका सोझासाझा जनतामाथि आक्रमण गर्न र भौतिक क्षति पुर्‍याउन आएका थिए।' जनताले तिनीहरूको अत्याचार सहन नसकेर प्रतिकार गर्दा त्यस्तो अप्रिय घटना भएको दाबी उनले गरे।

> **२०६३ चैत ७ मा रौतहटको गौरस्थित राइस मिल चौरमा तत्कालीन मधेशी जनअधिकार फोरम र नेकपा माओवादीबीच भएको झडपमा २७ जनाको ज्यान गएको थियो**

पार्टीका केन्द्रीय सल्लाहकार सदस्य राजकुमार दासले गौर हत्याकाण्ड साँच्चिकै छानबिन गर्ने हो भने सुरुवात प्रभु साहबाट हुनुपर्ने जिकिर गरे। त्यो दिन साहका हठका कारण एकै स्थानमा कार्यक्रम भएको भन्दै उनले फरक ठाउँमा गरेको भए घटना नै नहुने बताए। 'घटनबको मुख्य दोषी साह र तत्कालिन रौतहटका प्रहरी प्रशासन प्रमुखहरू हुन्,' उनले भने। भूमिसम्बन्धी अध्यादेशमा उपेन्द्र यादवले लिएको अडानको कारण उनलाई गलाउन सरकारले परमादेशको अस्त्र प्रयोग गरेको आरोप उनले लगाए। 'पार्टीले यो षडयन्त्रको सशक्त प्रतिकार गर्छ, उत्पन्न परिणामको जिम्मेवारी सरकारले लिनुपर्छ,' उनले चेतावनी दिए।

जसपाका केन्द्रीय सदस्य तथा पूर्वकृषि राज्यमन्त्री योगेन्द्र राय यादवले सरकारको इसारामा सर्वोच्चले परमादेश जारी गरेकाले जनआन्दोलनको बलमा प्रतिकार गरिने बताए। राजनीतिक मुद्दामा सर्वोच्चले खेलेर गलत गरेको भन्दै उनले न्याय दिनुपर्ने अदालतले अन्याय गरेको आरोप लगाए।

२०६३ चैत ७ मा रौतहटको गौरस्थित राइस मिल चौरमा तत्कालीन मधेशी जनअधिकार फोरम र नेकपा माओवादीबीच भएको झडपमा २७ जनाको ज्यान गएको थियो। त्रिभुवन साहले दायर गरेको रिटमा सर्वोच्चले सोमबार गौर हत्याकाण्डको छानबिनलाई अघि बढाउन रौतहट प्रहरीलाई परमादेश दिएको थियो।

जसपाका नेता कार्यकर्ताले घटनाका मुख्य योजनाकार भन्दै आरोप लगाएका प्रभु साह अहिले माओवादी पार्टीमा छैनन्। उनले आफ्नै पार्टी खोलिसकेका छन् उनी हाल पार्टी आम जनता पार्टीका महासचिव हुन्। घटनामा आफ्ना कार्यकर्ता मारिए पनि पटक पटक सरकारको नेतृत्व गरेको माओवादीले आफू शक्तिमा रहँदा छानबिनको विषयलाई कहिल्यै उठाएन।

# उपसभामुख हटाउन संसद्मा फेरि कसरत

- हटाउन दुई तिहाइ बहुमत आवश्यक
- साना दलको समर्थनविना संख्या पुर्‍याउन मुस्किल
- लोकतन्त्रविरुद्धको कदम भन्दै विपक्षी दल विरोधमा

**भाषा शर्मा**
**काठमाडौं, भदौ ३**

प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानालाई पदबाट हटाउने चर्चा फेरि चुलिएको छ। संघीय राजधानीमा मंगलबार अचानक 'उपसभामुखलाई हटाउने प्रस्ताव संसदमा दर्ता गर्ने तयारी भइरहेको छ' भन्ने हल्ला चलेको हो। यस्तै हल्ला ठ्याक्कै एक वर्षअघि पनि चलेको थियो।

उपसभामुख रानाले काठमाडौं स्थित अमेरिकी राजदूतावासलाई लेखेको विवादास्पद पत्र सार्वजनिक भएको अढाइ वर्षपछि यो प्रसंग पुनः सतहमा आएको हो। गत वर्ष साउनमा पनि विभिन्न दलहरूले उनलाई 'पदअनुकूल आचरण नगरेको' आरोपसहित पदमुक्त गर्ने प्रस्ताव दर्ता गर्न हस्ताक्षर संकलन गरेका थिए। तर, त्यो प्रयास अन्ततः स्थगित भएको थियो।

राना अहिले अमेरिकामा छिन्। उनी यही भदौ १२ गते स्वदेश फर्कँदैछिन्। तर, यसअघि नै सत्ता गठबन्धनका प्रमुख दलहरूले संसदमा उनको विरुद्ध प्रस्ताव दर्ता गर्ने तयारी थालेका छन्।

भिजिट भिसाको नाममा 'मानव तस्करी भइरहेको छ, छानबिन होस्' भन्ने मागसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसदहरूले गत चैतदेखि प्रतिनिधिसभा बहिष्कार गर्दै आएका छन्। यो मुद्दा भने गृहमन्त्री रमेश लेखकसँग जोडिएको थियो। बैठक सुरु हुनेबित्तिकै दुवै दलका सांसदहरू आफ्ना कुरा राखेर बाहिरिने गरेका छन्। बुधबार दिउँसो १ बजे प्रतिनिधिसभाको बैठक बोलाइएको छ। यसअघि मंगलबार कांग्रेस र एमालेका सांसदहरूमाझ हस्ताक्षर अभियान चलेको थियो।

> **प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना अमेरिका गएका बेला उनलाई हटाउने कसरत सुरू भएको छ, कांग्रेस र एमालेका सांसदसँग हालसम्म १०० भन्दा बढी हस्ताक्षर संकलन भइसकेको छ**

कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरे र एमालेका सचेतक महेश बर्तौलाले यो अभियान सुरु गरेका हुन्। मंगलबारसम्म एमालेका ६० र कांग्रेसका ४० जना सांसदको हस्ताक्षर भइसकेको बताइएको छ।

तर, सबै सांसद राजी भएका छैनन्। कांग्रेस नेता शेखर कोइरालाले सार्वजनिक रूपमा नै प्रयोजनमाथि नै प्रश्न उठाउँदै हस्ताक्षर नगरेको बताएका छन्। साथै, धेरै सांसदले कारण खुलाइनसकेको अवस्थामा सादा कागजमा हस्ताक्षर गराइएको गुनासो गरेका छन्।

**दुई तिहाइ चाहिने चुनौती**

संविधानको धारा ९१ (६)(ग) अनुसार सभामुख वा उपसभामुखले 'पदअनुकूल आचरण नगरेको' भन्ने प्रस्ताव दुई तिहाइ बहुमतले मात्र पारित गर्न सकिन्छ।

प्रतिनिधिसभामा हाल २७४ सांसद छन्। दुई तिहाइ पुग्न १८३ मत आवश्यक पर्छ। तर, कांग्रेस (८८) र एमाले (७९) सँग जम्मा १६७ मत मात्रै छन्। जसपाका ७, लोसपाका ४ जोड्दा पनि १७८ मात्र हुन्छ। त्यसमध्ये निलम्बनमा परेका दुई सांसद र सभामुखको मत अधिकार हटाउँदा भने संख्यामा कमी आउँछ। त्यसैले प्रस्ताव पारित गर्न ठूला दल साना दललाई फकाउन सक्रिय भएका छन्।



एमालेका मुख्य सचेतक महेश बर्तौलाले भने, 'उपसभामुखको विषय संसदभित्र उठेको छ, तर कसरी बिट मार्ने ? विधि के हुन सक्छ ? यसलाई कसरी निष्कर्षमा पुर्‍याउने भन्ने बहस चलेको छ।' विवादमा परेपछि उठ्ने प्रश्नलाई सहज लिनुपर्ने उनको तर्क छ। 'उपसभामुखको विषय संसदभित्र उठेको छ तर बाहिर बहस हुनुलाई अन्यथा लिन हुँदैन,' उनले भने।

बाँकी पृष्ठ २ मा...




**भित्री पृष्ठमा**



**राष्ट्र बचाउने परिकल्पना**
*संवेदनशील पहाडमा जथाभावी बाटो खनेर पहाडको उन्नति हुँदैन र चुरेको गेग्रयान बेचेर मधेशको मरुभूमिकरणलाई पनि रोक्न सकिदैन।*

- डिम्ब कारोबारमा तत्काललाई रोक, निगरानी गर्न आदेश
- अब टिकटकमा देखिनेछ नेपाली पर्यटनका कथा
- अमेरिकाले गर्‍यो ६ हजारभन्दा बढी भिसा रद्द

## गण्डकीमा घरेलु मदिरा नियमन ऐन

पोखरा। गण्डकी प्रदेशसभाले घरेलु मदिरा उत्पादनलाई नियमन र व्यवस्थापन गर्ने ऐन पारित गरेको छ। उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालका अनुसार विधेयक सर्वसम्मत पारित भई अब घरेलु मदिराको ब्रान्डिङ र बजारीकरण कानुनी रूपमा हुने भएको छ।

प्रदेश सरकारले गत चैतमा विधेयक ल्याएको थियो। यसअघि नीतिगत कार्यक्रममार्फत घरेलु मदिरालाई कानुनी मान्यता दिने घोषणा गरिएको थियो। परम्परागत रूपमा घरघरमै लुकीछिपी उत्पादन हुँदै आएको मदिरालाई व्यवस्थित गर्न ऐन ल्याइएको मन्त्री बस्यालले बताए।

बाँकी पृष्ठ २ मा...

# तरकारी खेतीमा विषादी जथाभावी

काठमाडौं (निमजिन)- नेपालका कृषकहरू उत्पादन बढाउने दबाबमा परेर अत्यधिक र जथाभावी रूपमा रासायनिक विषादी प्रयोग गर्न थालेका छन्। विशेषगरी गोलभेंडा, आलु, केरा, मकैजस्ता बालीहरूमा कडा खालका विषादी हप्तामा २-३ पटकसम्म प्रयोग भइरहेको छ। यसले कृषकहरूको स्वास्थ्य, उपभोक्ताको जीवनशैली र सम्पूर्ण पारिस्थितिक प्रणालीमा गम्भीर असर पारिरहेको छ।

भक्तपुर, काभ्रे र ललितपुरजस्ता तरकारी उत्पादनका केन्द्रहरूमा कृषकहरू किरा नियन्त्रण गर्न विषादीको भरमा छन्। उदाहरणका लागि, पनौतीकी सीता दाहालले हप्तामा ५ प्रकारका विषादी छर्ने गरेको बताउँछिन् भने आत्मराम बुढाथोकीले वर्षमा ३५ हजार रुपैयाँसम्म विषादीमै खर्च हुने बताएका छन्। रोगकिराको प्रतिरोधी क्षमतामा वृद्धि हुँदै जाँदा अझ कडा विषादी प्रयोग गर्नु परेको छ।

प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका अनुसार विषादीको प्रयोग हरेक वर्ष झन्डै १० प्रतिशतले बढिरहेको छ। अहिले तरकारी बालीमा विषादी प्रयोगको औसत मात्रा १६०५ ग्राम प्रति हेक्टर पुगेको छ, जुन सिफारिसभन्दा धेरै बढी हो। त्यस्तै, प्रयोग गरिएका कतिपय विषादीमा क्यान्सर पैदा गर्ने रसायन पनि भेटिएको छ।



कृषकहरू प्रायः एग्रोभेटको सल्लाहमा विषादी खरिद गर्छन्, तर प्राविधिक ज्ञान र सुरक्षा चेतना अभावका कारण उनीहरूले सुरक्षित विधि अपनाउँदैनन्। मास्क, पन्जा वा शरीर ढाक्ने पोशाक प्रयोग नगरी विषादी छर्ने कृषकहरूमा टाउको दुख्ने, छाला चिलाउने, वाक्वाकी हुनेजस्ता लक्षणहरू देखा पर्ने गरेका छन्।

अत्यधिक विषादी प्रयोगको अर्को चिन्ताजनक पक्ष भनेको उपभोक्तासमक्ष पुग्ने तरकारीमा त्यसको असर हो। विषादीको असर झेल्न नसक्ने उपभोक्ताहरूमा विभिन्न दीर्घकालीन रोग, विशेष गरी क्यान्सर, मिर्गौलाको खराबी, अपांगता र पार्किन्सनजस्ता समस्या देखा परिरहेका छन्।

(विस्तृत खोजमूलक रिर्पोट पृष्ठ ३ मा)



भारतको मुम्बईमा भारी वर्षाले जलमग्न सडकमा स्कुटर कुदाउँदै स्थानीय । पछिल्लो २४ घण्टामा ३ सय मिलिमिटर वर्षा हुँदा सहरका विभिन्न भाग जलमग्न भएका छन् । *तस्बिर : एएफपी*

# डिम्ब कारोबारमा तत्काललाई रोक



**सर्वोच्चले भन्यो – 'बालिका तथा किशोरीहरू शोषण हुनसक्ने जोखिम र सुविधा सन्तुलनलाई समेत दृष्टिगत गरी प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म नेपाल राज्यभर महिला तथा बालबालिकाबाट डिम्ब निष्कासन तथा भण्डारण गर्ने कार्यमा रोक लगाई सरकारको नियमन र निगरानी प्रभावकारी बनाउनू'**

news24

**काठमाडौं, भदौ ३**

सर्वोच्च अदालतले डिम्ब कारोबारमा रोक लगाउन अन्तरिम मंगलबार आदेश गरेको छ । न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासमा प्रारम्भिक छलफलपछि डिम्ब कारोबारलाई रोक लगाउने विषयमा कारण खोज्दै अन्तरिम आदेश गरेको हो ।

यो आदेश अन्तिम भने होइन । अदालतले दुवै पक्षलाई छलफलमा बोलाएर पुनः छलफल गराउनेछ । गत असारमा १८ वर्षमुनिका किशोरीहरूको डिम्ब (अण्डा) झिकेर व्यापारिक प्रयोजनमा उपयोग गरेको घटना बाहिरिएको थियो ।

'बालिका तथा किशोरीहरू शोषण हुनसक्ने जोखिम र सुविधा सन्तुलनलाई समेत दृष्टिगत गरी प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म नेपाल राज्यभर महिला तथा बालबालिकाबाट डिम्ब निष्कासन तथा भण्डारण गर्ने कार्यमा रोक लगाई सरकारको नियमन र निगरानी प्रभावकारी बनाउनू' भनी अन्तरिम आदेश जारी गरिदिएको छ ।

डिम्ब संकलन कारोबारमा वैधानिकता दिँदा बालिका तथा किशोरीहरूको शोषण हुने जोखिम रहेको भन्दै अधिवक्ता अंकिता त्रिपाठीले सोमबार सर्वोच्चमा रिट निवेदन दर्ता गराएकी थिइन् । अदालतमा मुद्दाको टुंगो नलागेसम्म डिम्ब संकलन, भण्डारण, प्रत्यारोपण गर्न, गराउन नपाइने भएको छ । सर्वोच्चले त्यसको कारोबार नियन्त्रणका लागि निगरानी प्रभावकारी बनाउन पनि आदेशमा उल्लेख गरेको छ ।

अदालतले यो मुद्दालाई गम्भीर, संवेदनशील मान्दै सरकारका तर्फबाट लिखित जवाफ परेको सात दिनभित्र दुवै पक्षले हटाउन नपाउनेगरी पेसी चढाउन आदेशमै उल्लेख गरेको छ । रिट निवेदनमा बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा, शारीरिक, मानसिक यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न रोक लगाउन माग गरिएको छ । रिट निवेदकले बालिकाहरूको प्रजनन स्वास्थ्य, मर्यादित जीवन र गैरकानूनी शोषणसम्बन्धी संवेदनशील प्रश्न उठाएकी छन् ।

यता, सरकारले निःसन्तान समस्यालाई सेवामार्फत व्यवस्थित बनाउन आइतबार मापदण्ड स्वीकृत गरेको छ । खासगरी डिम्ब कारोबारलाई वैधता दिनेगरी यो मापदण्ड बनाइएको हो ।' स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले डिम्ब कारोबारलाई वैधता दिनेगरी 'निःसन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड २०८२' ल्याएका हुन् । निःसन्तानको समस्या भोगिरहेकालाई २० देखि ३५ वर्ष उमेर समूहसम्मका महिला वा पुरुषले शुक्रकीट र अण्डा दान गर्न पाउने व्यवस्था गरिएको छ । त्यस उमेर समूहका व्यक्तिले तीन महिनाको फरकमा ६ पटकसम्म शुक्रकीट र अण्डा दान गर्न पाउने व्यवस्था सरकारको मापदण्डमा छ ।

# जहाँ गर्मी भुल्न आउँछन् तराईबाट

**राधिका बुढाथोकी**
**कमलामाई (सिन्धुली), भदौ ३**

तराईमा यतिबेला उखरमाउलो गर्मी छ । सिन्धुलीमा शीतलताको कमी छैन । नीलो आकाशको छानोमुनि उभिँदा सेतो बादलको घुम्टोले ढपक्कै ढाक्छ यहाँ । गर्मीयाम बिर्साउने हुस्सुले पनि साथ छोड्दैन ।

तराई क्षेत्रबाट बिपी राजमार्ग हुँदै सिन्धुली प्रवेश गर्ने तराईबासीलाई करकरेको रसिलो भुइँकटहरले स्वागत गर्छ । सिन्धुली सदरमुकाम माडीबजारबाट १० किलोमिटर दक्षिणतर्फ पर्ने कमलामाई-८ करकरेलाई भुइँकटहरको पकेट क्षेत्र मानिन्छ । यहाँको स्वादिलो कटहरले मात्रै होइन, प्रकृतिले पनि स्वर्गीय सन्तुष्टि प्रदान गर्दछ ।

सडक छेउमा स्थानीय व्यापारीले राखेका कटहरको सुगन्धले राजमार्गका यात्रुलाई हतारमा भए पनि केही क्षण रोकिन बाध्य पार्छ । मिठासले भरिएको कटहर चाख्दै कतिपयले कोसेलीका रूपमा लिएर जाने गर्दछन् । माडी बजारबाट बिपी राजमार्ग हुँदै उत्तरतर्फ लाग्दा भिन्नै मौसमको अनुभव हुन्छ । माढी बजारबाट १६ किलोमिटर अगाडि बढेपछि सिन्धुलीगढी पुगिन्छ । जहाँ गर्मीयाममा पनि शीतलहर चल्छ । चियाबारीबाट अगाडि बढेपछि देखिने प्राकृतिक मनोरम दृश्य र सडक छेउका स्थानीय उत्पादनको मिठासले सबैलाई मोहित बनाउँछ । यही कारण भारतदेखि तराईसम्मका पर्यटक यहाँ घुम्न आउँछन् ।

सिन्धुलीको शीतल वातावरणले गर्मीमा तापिएका तराईबासीलाई मात्रै होइन, यहाँका स्थानीय बासिन्दालाई पनि राहत दिन्छ । वर्षभरि ओसिलो र सिमसार देखिने सिन्धुलीगढी क्षेत्रको महत्त्व गर्मीयाममा झनै बढ्छ । माडीबजार क्षेत्र गर्मीले तात्दा गढी क्षेत्र हुस्सुले छोपिन्छ । बिहान-बेलुका त जाडो नै महसुस हुन्छ । भारतको बिहारबाट परिवारसहित घुम्न आएका शीतल भगतलाई यहाँको मौसमले प्रफुल्लित बनायो । 'हाम्रो बिहारमा अहिले गर्मीको तापले हैरान छौं, पंखाले पनि राहत दिँदैन । यहाँ त चिसो महसुस भयो,' उनले हाँस्दै सुनाए ।

भगतको परिवार बिहानै भारत-नेपाल सीमा नाकाबाट सवारी चढेर बिपी राजमार्ग हुँदै कमलामाई-३ को पर्यटकीयस्थल सिन्धुलीगढीको यात्रामा निस्किएको थियो । उनीसहितको नौ जनाको परिवारले जिल्लाका विभिन्न ठाउँमा रोकिँदै चियानास्ता, फलफूल खाँदै, फोटो खिच्दै यात्रालाई अगाडि बढाए ।

सिन्धुलीगढीको डाँडामा बसेर टाढासम्म फैलिएको दृश्य नियाल्दाको आनन्द उनले शब्दमा व्यक्त गर्न सकेनन् । 'हाम्रोतिर चर्को घाम लाग्ने हुँदा दिउँसोको समयमा हिडडुल गर्न कठिन छ । तर यहाँ आइपुग्दा निकै शीतल महसुस भयो । हरियाली जंगल सुन्दर वातावरणले रोमाञ्चक बनायो,' उनले भने ।

सिन्धुलीगढी क्षेत्र प्राकृतिक सुन्दर दृश्य र शीतलताका लागि मात्रै नभई ऐतिहासिक महत्त्वका कारण पनि पर्यटकको रोजाइमा पर्छ । यहाँ ब्रिटिस सेनालाई गोर्खाली फौजले पराजित गरेको गौरवमय वीरता समेटिएको छ । सानो गढी, पौवागढी, तोप हान्ने प्वाल, ऐतिहासिक इनार, जेलघर, रानी दरबार र युद्ध संग्रहालयले यहाँको गौरव झल्काउँछ । सिद्धबाबा मन्दिरले धार्मिक आस्था बढाउँछ । अग्लो पहाड र हरियाली वनको बीचमा रहेको यो गढीमा पुगेपछि जो कोहीलाई आनन्द अनुभूति हुने गर्छ ।

जनकपुरधाम-१३ का कैलाशकुमार राउतलाई पनि सिन्धुली घुम्दाको अनुभव अविस्मरणीय लाग्यो । उनले भने, 'यहाँ घुम्दा मनै मोहित भयो । तराईमा यहाँजस्तो वृक्ष छैन । अहिले बस्नै नसक्ने गर्मी छ । तराईमा पनि यस्तै हरियाली वातावरण होस् भन्ने इच्छा धेरै छ ।' दैनिक जिल्लामा कति संख्यामा पर्यटक भित्रिन्छन्, यसको तथ्यांक कुनै निकायसँग छैन । तर, भगत र राउत जसरी आउने पर्यटक यहाँको प्राकृतिक सुन्दरताको प्रशंसा गर्दै फर्कन्छन् । त्यसैले त सिन्धुलीका सडक छेउ स्थानीय उत्पादनको बिक्रीस्थलका रूपमा पनि विकसित हुँदै गएका छन् । गढीडाँडा, सोलाभञ्ज्याङ, खनियाखर्कमा पुगेका पर्यटक अकबरे खुर्सानी, नून, लसुन र टिमुर मिसाएर तयार गरिएको रैथाने अचारसँग हरियो काँक्रोको लामो चिरा चपाएर स्वाद लिन्छन् । कतिपय भुइँकटहर र नास्पातीको मिठासमा हराउँछन् । कोही मोबाइलमा यहाँको सम्झना कैद गर्न व्यस्त हुन्छन् ।

सिन्धुलीको गढी क्षेत्र मात्रै होइन्, जिल्लाको नौवटै पालिकामा पर्यटकीय सम्भावना प्रचुर छ । वरिपरि हरियाली वनजंगलले घेरिएको, चराचुरुङ्गीको मधुर स्वर, निर्मल जल र जलमै फुलेका कमलका फूल–यी सबैले ऐतिहासिक तथा धार्मिक 'पञ्चकन्या पोखरी' क्षेत्रको सौन्दर्य अझ अनुपम बनाएको छ ।

प्रकृतिसँग रमाउन चाहने पर्यटकका लागि यो ठाउँ सदरमुकाम सिन्धुलीमाढीबाट पश्चिमतर्फ करिब २० किलोमिटरको दूरीमा पर्छ । मरिण गाउँपालिका-५ मा रहेको यस स्थल दृश्यावलोकनका लागि मात्र होइन, घुम्न आउने पर्यटकको मन लोभ्याउने गन्तव्यका रुपमा समेत चिनिन थालेको छ ।

यता सुनकोशी-५ मुल्कोट क्षेत्र पछिल्लो समय पर्यटकीय हबका रुपमा स्थापित हुँदै गएको छ । यहाँ रिसोर्ट, रेष्टुरेन्ट, होटल र सुनकोशीमा र्‍याफ्टिङ सुविधा उपलब्ध भएपछि मुल्कोट पर्यटकहरूको रोजाइमा पर्ने गरेको छ ।



फिक्कल चुचुरो सिन्धुलीकै उच्च शिखर हो । यहाँ पनि पर्यटक मनोरम दृश्यावलोकनका लागि पुग्छन् । यहाँका सामुदायिक 'होमस्टे'मा बसेर स्थानीय संस्कृति र रैथाने परिकारको स्वाद लिन सकिन्छ । फिक्कल गाउँपालिकामा महादेवडाँडा, सुम्नाम पोखरी, खोलागाउँ, खाङसाङ, सोल्पाठाना र रत्नावतीबाट हिमशृंखलाको दृश्यावलोकन गर्न सकिन्छ ।

भिमान, सिन्धुलीमाढी बजार, भद्रकाली, खुर्कोट र मुल्कोट क्षेत्रका होटल, रिसोर्टहरू गर्मीको मौसममा चलायमान देखिन्छन् । गर्मीयाममा तराईबाट घुम्न आउने पर्यटकको चहलपहलले व्यापार, व्यवसायमा नयाँ ऊर्जा थपेको स्थानीय व्यवसायी गुञ्जन तामाङले बताए । उनका अनुसार जिल्लाको व्यापार व्यवसाय राजमार्गका यात्रु र तराईबाट घुम्न आउने पर्यटकका कारण चलायमान छन् ।

गर्मीयाममा सिन्धुलीको शीतलतामा रमाउन आउने पर्यटक आगमनमा वृद्धि भएसँगै व्यापार र व्यवसाय फस्टाउन थालेको सिन्धुली उद्योग वाणिज्य संघकी महिला सचिव सिर्जना श्रेष्ठको बुझाइ छ । तर, घुम्न आएका पर्यटकलाई दुई-चार दिन बस्न प्रेरित गर्ने पूर्वाधार र सुविधामा अझै सुधार आवश्यक रहेको उनको भनाइ छ ।

*रासस*

# तीन वर्षभित्र सबै किसानलाई परिचयत्र

काठमाडौं । सरकारले कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउने र थप व्यवस्थित गर्ने लक्ष्यका साथ कृषकको पहिचान र वर्गीकरणका आधारमा किसान परिचयपत्रको व्यवस्था गर्ने भएको छ । आगामी तीन वर्षभित्र सबै किसानलाई परिचयत्र दिने भएको छ । त्यसका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र प्रदेशको कृषिक्षेत्र हेर्ने मन्त्रालय र स्थानीय तहले काम गर्ने भएका छन् ।

कृषिमा आत्मनिर्भर बन्नका लागि खाद्य प्रणाली विविधीकरण, पाककलामा अन्वेषण र उच्च मूल्यको औद्योगिक बाली प्रशोधनसम्बन्धी उद्योगको प्रवर्द्धन गरिने भएको छ । यस्तै, महिला, साना किसान र निम्न वर्गका लागि सहकारी एवं करार खेती, बाँझो जमिनको उपयोगमार्फत समावेशी अधिकार सुनिश्चित गरिने भएको छ ।

राष्ट्रिय योजना आयोगले पाँचवर्षे खाद्यप्रणाली रुपान्तरणको रणनीतिक योजनामा कृषि क्षेत्रलाई व्यावसायिक बनाउने, आत्मनिर्भर हुने र औद्योगीकीकरण गर्ने विषयलाई प्रमुख प्राथमिकतामा राखेको छ । उक्त रणनीतिको सोच समतामूलक, उत्थानशील र दिगो खाद्य प्रणालीको विकास गर्ने रहेको छ ।

सबैका लागि स्वच्छ तथा पोषणयुक्त खाद्य पहुँच सुनिश्चित गर्ने, दिगो उपभोग पद्धति अवलम्बन गर्ने, प्रकृतिमैत्री उत्पादन प्रणाली अनुशरण गर्ने, समन्यायिक जीविकोपार्जनको अवस्थामा बढोत्तरी गर्ने, विपद् तथा जोखिमविरुद्ध उत्थानशील खाद्यप्रणाली निर्माण गर्ने, खाद्य सुशासन तथा रुपान्तरणका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐनको प्रभावकारी कार्यान्वयन गर्ने सो रणनीतिको लक्ष्य रहेको छ । सो रणनीतिको उद्देश्यमा सबैका लागि दिगो रूपमा सुपथ, सुरक्षित, स्वस्थ र पोष्टिक खाद्यपदार्थको आपूर्ति गर्न कृषि उत्पादनलाई सघन तुल्याउनु रहेका छन् ।

यस्तै, स्वस्थ र पौष्टिक स्थानीय खाद्य उपभोग गर्न, खाद्यको क्षति घटाउन र स्तनपान अभ्यासहरूको संरक्षण र प्रवर्द्धन गर्न सचेतना वृद्धि गर्ने, प्रकृतिमैत्री खाद्य प्रणालीका माध्यमबाट कृषि जैविक विविधताको संरक्षण र उपयोगमा एकीकृत ढंगले कार्य गर्नु रहेको छ । साना तथा व्यावसायिक कृषकको उद्यमशीलता र सीप विकास मार्फत आम्दानी बढाउनु र जीविकोपार्जनमा सुधार गर्नु, उत्थानशील खाद्य प्रणाली तथा संकटको सामाना गर्नसक्ने समुदायको विकास गर्न लगानीको दीर्घकालीन लगानीको प्रवर्द्धन गर्नु, खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐनअनुरुप रणनीति र कार्यनीति विकास गरी संघीय संरचनाका तीनै तहमा खाद्य सुशासन सुनिश्चित गर्ने रणनीतिको उद्देश्य छ ।

खाद्य सुरक्षा कायम गर्न कृषि उत्पादनका लागि आवश्यक खेतीयोग्य जमिनको यकीन तथा जोनिङ गरी संरक्षण गर्न उपयुक्त कानुनी र नीतिगत व्यवस्था गरिनेछ । तीनै तहका सरकारबाट भू-उपयोय योजना तयार एवं कार्यान्वयन गरिने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

भू-उपयोग ऐनको प्रभावकारी कार्यान्वयनको आवश्यक व्यवस्था गर्ने रणनीतिको कार्यनीति रहनेछ । बाँझो जमिन उपयोग गरी कृषिबाली उत्पादन गर्ने तथा वैकल्पिक उपयोग गर्न नीतिगत व्यवस्था र प्रोत्साहनको व्यवस्था गर्ने, खेतीयोग्य जमिनको खण्डकीकरणलाई नियन्त्रण गर्न आवश्यक कानुनी संरचना र प्रोत्साहनको व्यवस्था गरिनेछ ।

उपयुक्त सिँचाइ प्रविधिमार्फत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने, सिँचाइ तथा जलस्रोत सम्बद्ध नीति र कृषि विकास रणनीतिलगायतका नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ । सिँचाइका लागि खपत हुने बिजुलीको महसुलमा छुट उपलब्ध गराउने कार्यलाई सहज बनाई विस्तार गर्ने, मलको सहज आपूर्ति सुनिश्चित गर्न हरित प्रविधिमा आधारित मल कारखाना खोल्न प्राथमिकता दिइनेछ । मललाई अत्यावश्यक पदार्थका रुपमा कायम गरी रासायनिक मल खरिद प्रक्रियालाई सरल बनाउने विषयलाई रणनीतिमा प्रमुखताका साथ समेटिएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार मलखादको सन्तुलन प्रयोग बढाउन सम्मिश्रित मलको उपयोग बढाउने, खाद्य तत्वमा आधारित अनुदान प्रणाली कार्यान्वयन गरिनेछ । माटोको उर्वराशक्ति तथा समग्र माटोको स्वास्थ्य सुधार गर्न तीनै तहको सरकारको संलग्नतामा राष्ट्रव्यापी अभियान सञ्चालन गर्ने, अधिक उत्पादन दिने बिल बिजनको सहज उपलब्धताका लागि समुदायमा आधारित बीउ प्रणालीलाई संस्थागत एवं सुदृढ गरिनेछ ।

रणनीतिले साना किसान, महिला र सीमान्तकृत समूहका कृषकलाई मूल्य शृंखलामा संलग्न गराई उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पहुँच दिन निजी र सहकारी क्षेत्रको क्षमता वृद्धि गर्ने, निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरी गुणस्तरीय उत्पादनका सामग्रीको आपूर्र्ति र उत्पादित वस्तुको बजार प्रवर्द्धन गरिनेछ ।

स्थानीय तहको अगुवाइमा स्थानीयस्तरमा रैथाने जात, नश्लको संरक्षण र उपयोगलाई प्रोत्साहन एवं प्रवर्द्धन गर्ने, बालीको रैथाने जातको राष्ट्रिय बीउबिजन समितिमा दर्ता गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने, पशु नश्लको दर्ताका लागि आवश्यकपर्ने नीतिगत र कानुनी संरचना बनाइ कार्यान्वयन गर्ने भएको छ ।

*रासस*

## आजको राशिफल

**मेष** – घरपरिवारसँग समय बिताउँदा मन हर्षित होला । आर्थिक लाभ हुने सम्भावना छ । प्रेम सम्बन्धमा सुमधुर हुनेछ ।

**वृष** – काममा ढिला भए पनि परिणाम लाभदायी हुनेछ । स्वास्थ्यमा सामान्य समस्या आउन सक्छ । परिवारसँग परामर्शमा आवेशमा नआउनु उपयुक्त हुन्छ ।

**मिथुन** – नयाँ कामको अवसर आउन सक्छ । पढाइ वा अनुसन्धानमा सफलता मिल्नेछ । साथीभाइको सहयोग पाइनेछ ।

**कर्कट** – सतर्क नभए व्यवसायमा नोक्सानी हुन सक्छ । मानसम्मान बढ्ने छ । घरपरिवारमा रमाइलो वातावरण रहनेछ ।

**सिंह** – नयाँ योजना सुरु गर्न समय अनुकूल छ । आम्दानी बढ्नेछ । मिहिनेतको उचित परिणाम पाइने सम्भावना छ ।

**कन्या** – आकस्मिक धनलाभ हुन सक्छ । आत्मविश्वास बढ्नेछ । यात्रामा सावधानी अपनाउनु उपयुक्त हुन्छ ।

**तुला** – कला, साहित्य वा सिर्जनात्मक क्षेत्रमा प्रगति हुनेछ । प्रेम जीवनमा सकारात्मकता आउनेछ । आर्थिक पक्ष सामान्य रहनेछ ।

**वृश्चिक** – काममा बाधा आउन सक्छ । स्वास्थ्यमा ध्यान दिनुपर्छ । तर पारिवारिक समर्थन पाइनेछ ।

**धनु** – विदेश वा यात्रा सम्बन्धी काममा सफलता मिल्ने सम्भावना छ । प्रेम सम्बन्ध मजबुत हुनेछ । मन खुसी हुने खबर पाइनेछ ।

**मकर** – दिन सुखद रहनेछ । काम गरेका क्षेत्रमा सफलताको योग छ । मान प्रतिष्ठा वृद्धि हुनेछ । आर्थिक लाभ हुन सक्छ ।

**कुम्भ** – सीप सिक्ने अवसर मिल्नेछ । अध्ययन वा शिक्षामा प्रगति हुनेछ । मित्रहरूसँग सम्बन्ध दरिलो हुनेछ ।

**मीन** – मनमा दुविधा बढ्न सक्छ । आर्थिक लेनदेनमा सावधानी अपनाउनु हितकर होला । धार्मिक वा आध्यात्मिक कार्यमा मन जानेछ ।

## उपसभामुख हटाउन...

विपक्षी दल भने यसविरुद्ध कडा रूपमा उभिएका छन् । माओवादी केन्द्र, रास्वपालगायत दलहरूले मंगलबार संयुक्त बैठक गरेर प्रस्तावलाई विरोध गर्ने निर्णय गरेका छन् ।

माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले भने, 'यो काम राष्ट्रको लागि समग्र राम्रो छैन । यसको विरोध गर्नुपर्छ ।' रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले हस्ताक्षर अभियानलाई 'सर्वसत्तावाद लाद्न खोजेको प्रयास' भनेका छन् । उनका शब्दमा, 'हस्ताक्षर उपसभामुखका लागि मात्रै होइन, धेरै राजनीतिक षड्यन्त्रमा प्रयोग हुनसक्ने आशंका छ ।' उनले थपे, 'दुई ठूला दलले गर्न खोजेको यो लोकतान्त्रिक अभ्यास होइन । सभामुखमाथि अन्याय भइरहेको छ ।'

एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले भने, 'एउटा महिला, जनजाति समुदायकी अन्तर्राष्ट्रिय पुरस्कार पाएको सक्षमलाई बेला न कुबेला हटाउन खोजिएको छ । उपसभामुखको ठाउँमा कांग्रेसका तर्फबाट ल्याउने षड्यन्त्र भएको हो ।'

**विवादित पत्रको पृष्ठभूमि**

उपसभामुख राना विवादमा तानिनुको मुख्य कारण भनेको उनीद्वारा अमेरिकी दूतावासलाई पठाइएको पत्र हो । २०७९ फागुनमा उनले 'कमिसन अन द स्टाटस अफ वुमेन' कार्यक्रममा सहभागी हुन अमेरिकाको भिसा प्रक्रियामा पाँच जनालाई प्राथमिकता दिन दूतावासलाई अनुरोध गर्दै पत्राचार गरेकी थिइन् ।

पत्रमा उपेन्द्र गौतम, सुष्मा लामा, राजेश लामा, सुजन घर्ती मगर र धनप्रसाद गुरुङको नाम उल्लेख थियो । तर, ती व्यक्तिहरू कार्यक्रमसँग प्रत्यक्ष सरोकार नभएका थिए । त्यसैले पदको दुरुपयोग भएको भन्दै उनीमाथि आलोचना भयो ।

पत्र बाहिरिएपछि रानाले विज्ञप्ति जारी गर्दै आफूले मात्र अन्तर्वार्ताको मिति सारिदिन अनुरोध गरेको दाबी गरेकी थिइन् । उनका शब्दमा, 'उक्त कार्यक्रममा मेरो सहयोगीसमेत भइदिने भन्दै अन्तर्वार्ताका लागि मिति लिइदिन अनुरोध भएपछि मैले अमेरिकी दूतावासलाई अन्तर्वार्ताको मिति राखिदिन अनुरोध मात्र गरेकी थिएँ ।' उनले थपेकी थिइन्, 'कसैलाई भिसा दिने वा नदिने स्वनिर्णय राजदूतावासकै हो । मैले कसैको भिसाका लागि अनुरोध गरेकी छैन ।'

तर, भिसा प्रक्रिया संसद् सचिवालय र परराष्ट्र मन्त्रालयमार्फत हुने व्यवस्थालाई बेवास्ता गरेर पदकै लेटरहेड प्रयोग गरी पत्राचार गरेको आरोप उनले झेलिरहेकी छन् । यही प्रकरणलाई लिएर उनको नाम 'मानव तस्करी'सँग समेत जोडिएको थियो ।

सत्तारुढ दलहरू हस्ताक्षर अभियानमार्फत प्रस्ताव संसदमा लैजाने तयारीमा छन् भने प्रतिपक्षी दलहरू त्यसको विरोधमा एकजुट हुँदैछन् । दुई तिहाइको चुनौतीपूर्ण गणितका कारण प्रस्ताव पारित हुने-नहुने अझै अनिश्चित छ ।

## गण्डकीमा घरेलु

अब व्यावसायिक रूपमा गुणस्तरीय मदिरा उत्पादन गर्न उद्योग दर्ता गरी इजाजतपत्र लिनुपर्नेछ । तर धार्मिक वा घरायसी प्रयोजनका लागि वार्षिक ५० लिटरसम्म उत्पादन गर्दा अनुमति आवश्यक नपर्ने व्यवस्था गरिएको छ ।

कोदो, मकै, गहुँ, जौ, स्याउ, सुन्तला, मौवा, लिची, ऐँसेलु लगायत अन्नफल प्रयोग गरी मदिरा उत्पादन गर्न सकिनेछ । मर्चाको गुणस्तरबारे गण्डकी विश्वविद्यालयले गरेको अनुसन्धानपछि सरकारले कानुनी प्रक्रिया अघि बढाएको हो ।

प्रदेशसभाका सदस्य दीपेन्द्रबहादुर थापाले यो ऐनले संस्कृति र परम्पराको सम्मान गर्ने विश्वास व्यक्त गरे ।

# खेतबारीमा जथाभावी घातक विषादी, मानव स्वास्थ्यमा हानि

गोविन्द लुइँटेल ⁄ निमजिन

बाजुराका दीपकराज जैसीले भक्तपुरको चाँगुनारायण नगरपालिका–८ मा साढे ३ रोपनी जग्गा भाडामा लिएर दुई वर्षयता टनेलभित्र गोलभैँडा खेती गरिरहेका छन् । गोलभैँडा खेतीमा उनी रासायनिक मलका साथै वैशाखदेखि असारसम्म तीन महिना विषादी प्रयोग गर्छन् ।

भक्तपुरकै सूर्यविनायकस्थित गुन्डुमा विगत डेढ वर्षदेखि १० रोपनी जग्गा भाडा लिएर गोलभैँडालगायत तरकारी खेती गरिरहेका दाङका आत्मराम बुढाथोकी किराको प्रकोप धेरै भएकाले गोलभैँडामा हप्तामै २-३ पटक विषादी हाल्ने गरेको सुनाउँछन् । वर्षमै ३५ हजार रुपैयाँ विषादीकै लागि खर्च हुने गरेको उनी बताउँछन् ।

बालीभन्दा किरा बलिया हुँदा विषादी प्रयोगबिना उत्पादन हुनै छाडेको पनौती नगरपालिकाकी कृषक सीता दाहालले बताइन् । उनले भनिन्, 'गोलभैँडामा विभिन्न पाँच थरीका विषादी हाल्ने गरेका छौँ, हप्तामै छरेको विषादीले कामै नगरेपछि कडा खालका विषादी छर्ने गरेका छौँ ।'

बाली नालीमा किरा देखिनेबित्तिकै किसानले विषादी खोज्ने प्रवृत्ति बढेको छ। प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका अनुसार हरेक वर्ष १० प्रतिशतका दरले विषादी प्रयोग बढेको छ। बढ्दो विषादी प्रयोगले मानव स्वास्थ्य मात्रै होइन, पर्यावरण र पारस्थितिक प्रणालीमा समेत गम्भीर असर परिरहेको छ ।

कृषकले जथाभावी रासायनिक विषादी हाल्दा शत्रुनाशक प्राकृतिक किरा मर्ने र कडा खालको विषादी पनि सजिलै पचाउन सक्ने नयाँ किराहरू पैदा हुने जोखिम बढेको राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्रका कीटविज्ञ काशीनाथ चिलुवालले बताए ।

कृषिका पकेट क्षेत्रहरूमा केरा, टमाटर र आलुमा बढी मात्रामा विषादी प्रयोग भएको पाइने गरेको प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका कार्यालय प्रमुख भोजराज सापकोटाले बताए ।

राष्ट्रिय कृषि गणना, २०७८ अनुसार नेपालमा पछिल्लो समय रोग किराको वृद्धि ६०.८ प्रतिशत छ। बाली नालीमा विषादी प्रयोग गर्ने कृषक परिवारको संख्या २६.७ प्रतिशत छ। कृषि गणनाअनुसार देशमा किसान ४१ लाख ३१ हजार घर परिवार अर्थात् ६२ प्रतिशत कृषक छन् ।

तरकारीमा रासायनिक मल प्रयोग गर्ने कृषक २३ प्रतिशत छन् । तरकारीमा सुरक्षित विषादीको प्रयोग गर्ने ५३ प्रतिशत छन् । पछिल्लो समयमा मकै, गहुँ, आलुमा विषादीको प्रयोग गर्ने कृषक २ लाख ३२ हजार ८ सय ३६ छन् ।

गोलभैँडामा लाग्ने टुटा, बालीमा लाग्ने फौजीकिरा, धानमा लाग्ने फटके किरा, स्याउमा लाग्ने भुवादार लाइकिरासमेत बाहिरी मुलुकबाट आएका किरा भएको कीटविज्ञ काशीनाथ बताउँछन् । 'विषादीको मात्रा बढ्नु र कडा खालको विषादी प्रयोगले पनि यस्ता किरा अरु बलिया बनेका छन्,' कीटविज्ञ काशीनाथले भने ।

गोलभैँडामा टुटा, डढुवा र लाइकिराले सताउने गरेको अनुभव पनौतीकी किसान सीता दाहालको छ। ती रोग किरा हटाउन बजारमा पाइने विषादी प्रयोग गर्दै आएको उनले बताइन् । बजारमा बिक्रीका लागि लैजानुअगाडि गोलभैँडालाई रातो र आकर्षक बनाउन पनि रासायनिक औषधि प्रयोग गर्ने गरेको उनले सुनाइन् ।

पनौती नगरपालिका–१० की वडा सदस्यसमेत रहेकी कृषक सुमित्रा अधिकारी विषादी प्रयोग रहर नभई बाध्यता भएको बताउँछिन् । 'विषादी नहाल्दासम्म व्यापारीले खोजेजस्तो आकर्षक र गुणस्तरको गोलभैँडा र तरकारी उत्पादन गर्न कठिन छ,' उनले भनिन्, 'बजार पाउनकै लागि कृषकले बाध्य बनेर विषादीको प्रयोग गरिरहेका छन् ।'

१२ वर्षयता तरकारी खेती गरिरहेका ललितपुर–२२ का जीवन केसी पनि विषादी प्रयोगबिना उत्पादन गर्न कठिन भइसकेको सुनाउँछन् । बागमती प्रदेशका पूर्वयातायातमन्त्री प्रेमभक्त महर्जनसँगको साझेदारीमा १ करोड रुपैयाँ लगानी गरी २५ रोपनी क्षेत्रफलमा उनले तरकारी खेती गरिरहेका छन् ।

गोबर र गहुँत मिलाएर झोल मलसँगै अर्गानिक विषादी हाल्ने गरे पनि त्यसले काम नगरेपछि रासायनिक विषादी हाल्ने गरेको उनले सुनाए । 'डढुवा, रोगका साथै टुटा किराले दुःख दिइरहेकोले दुई दिनमै गोलभैँडामा विषादी हाल्नुपर्छ', उनले भने ।

धेरै र आकर्षक उत्पादन गर्ने नाममा चाहिनेभन्दा धेरै मात्रामा रासायनिक विषादीको प्रयोग भइरहेको कृषि विज्ञहरू बताउँछन् । गोलभैँडाको बारीमा रोग किरा नियन्त्रणका लागि कृषकले 'कारसजनिक' विषादीको प्रयोग गरिरहेका छन् । यो कडा खालको ढुसी नाशक विषादी हो। 'यस्तो विषादीमा क्यान्सर बनाउन सक्ने रसायनको प्रयोग हुन्छ', प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका वरिष्ठ बाली संरक्षण अधिकृत मनोज पोखरेलले भने ।

विषादीको खतराको आधारमा चारवटा संकेतमा विषादीलाई वर्गीकरण गरिएको हुन्छ। हरियो, नीलो, पहेँलो र रातो। रातो संकेत गरिएका विषादी अति घातकमा दर्ज छन् । हरियो संकेत गरिएको विषादी औसतमा कम असर गर्ने र सुरक्षित मानिन्छ ।

खाद्य सुरक्षा मापदण्ड बमोजिम रोकावट (भ्लशथ्कभ क्ष्लजष्दष्तष्यल) ३५ प्रतिशत भन्दा कम भएकालाई खानयोग्य मानिन्छ जुन तलको टेबलमा हरियो रंगमा अंकित गरिएको छ। ३५ देखि ४५ प्रतिशत पाइएमा भने क्वारेन्टिनमा होल्ड गरी पुनःपरीक्षण गरिन्छ, जसलाई पहेँलो रंगमा अंकित गरिएको छ । त्यस्तै ४५ प्रतिशत भन्दा बढी पाइएमा नष्टै गर्ने प्रावधान छ। जुन रातो रंगमा अंकित छ ।

धेरै भिटामिनयुक्त र स्वस्थ्य तरकारी मानिने भएकाले खपत बढिरहे पनि सागमा हालिने विषादी सबैको भान्सामा पुगिरहेको छ। शरीरका लागि आवश्यक पोषकतत्त्व पूर्तिका लागि भान्सामा पाक्ने सागसँगै हामीले विष पनि खाइरहेका छौँ। सागमा खान नहुने गरी विषादी प्रयोग भइरहेको केन्द्रीय कृषि प्रयोगशालाको नमुना परीक्षणबाटै पुष्टि भएको हो। केन्द्रीय कृषि प्रयोगशालाबाट २०८१ मंसिरको परीक्षणमा सागमा ३९ देखि ८२ प्रतिशतसम्म विषादीको रोकावट पाइएको छ ।

विषादी प्रयोगपछि पर्खिनुपर्ने समय पालना नगरेको र धेरै मात्रामा प्रयोग गर्दा प्रयोगशालाबाट विषादीको द्रुत अवशेष परीक्षण गर्दा रोकावट प्रतिशत बढी देखिन्छ ।

धेरै मात्रामा विषादी छर्ने र न्यूनतम होल्ड गर्ने समय ख्यालै नगरी बजारमा पुग्ने गरेकाले रोकावट प्रतिशत बढी देखिएको केन्द्रीय कृषि प्रयोगशालाका बाली संरक्षण अधिकृत महेश तिमिल्सिना बताउँछन् ।

केन्द्रीय प्रयोगशालाबाट हुने विषादी अवशेष द्रुत विश्लेषणको नमुना परीक्षणले विषादीको मात्रा मात्रै पत्ता लाग्छ। कुन खालको विषादी प्रयोग भएको रहेछ भनेर नमुना परीक्षणले केही बताउन सक्दैन। केन्द्रीय प्रयोगशालामा त्यस्तो प्रविधिसमेत छैन ।

कुन विषादी कति मात्रामा प्रयोग भएको रहेछ त भनेर थाहा पाउनका लागि केन्द्रीय कृषि प्रयोगशालाले प्रतिबन्धित कडा खालका विषादी प्रयोग भएको आशंका लागेमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प्रयोगशालामा पठाउने व्यवस्था छ। तरकारीमा कुन विषादी हालिएको रहेछ भनेर परीक्षण गर्न यो वर्ष भने विभागको प्रयोगशाला नमुना नपठाएको केन्द्रीय कृषि प्रयोगशालाकी प्रमुख डा. शान्ता कार्कीले बताइन् । तरकारी पकेट क्षेत्रमा गएर अध्ययन गर्दा साग र गोलभैँडामा अगानोफस्फेट, कार्बोमेट्स प्रकारका कडा खालका विषादी बढी नै प्रयोग भइरहेको पाइएको छ,' उनले भनिन् ।

भक्तपुर नगरपालिकाका कृषि अधिकृत रवि ख्याजू खेतबारीमा किराहरूको विषादी सहने क्षमता बढेपछि किसानले एग्रोभेटबाट किनेर रातो संकेत गरिएका कडा र प्रतिबन्धित खतरनाक विषादी प्रयोग गरिरहेको बताउँछन् । रातो खालका विषादी अति खतरनाक छन् । कृषकले गोलभैँडा र तरकारीमा प्रयोग गरिरहेको पाइएको उनले जानकारी दिए ।

छिटो उत्पादन र फाइदा लिने धाउन्नमा कृषकले शत्रुजीव नियन्त्रणको लागि रासायनिक विषादीहरू प्रमुख अस्त्रका रूपमा प्रयोग गर्दै आइरहेका छन् । विषादीको प्रयोग हरेक वर्ष १० प्रतिशतका दरले बढ्दै गइरहेको प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको आँकडा छ ।

नेपालमा प्रतिवर्ष ३९६ ग्राम प्रतिहेक्टर विषादी प्रयोग गर्नु पर्ने मापदण्ड भए पनि तरकारी बालीमा औसत खास विष १६०५ ग्राम प्रतिहेक्टरका दरले प्रयोग भइरहेको प्लान्ट क्वारेन्टाइन तथा विषादी



व्यवस्थापन केन्द्रको अध्ययनले देखाएको छ। कृषिमा प्रयोग हुने विषादीको झन्डै ८० प्रतिशत विषादी तरकारी बालीमा प्रयोग हुने गरेको सो अध्ययनले देखाएको हो। यो एक दशक अगाडिको सरकारी सर्वेक्षण हो। प्लान्ट क्वारेन्टाइनले हरेक एक दशकमा गर्ने विषादी प्रयोगको सर्वेक्षण नियमित नहुँदा विषादीको खपतको मात्रा र त्यसले पुर्‍याइरहेको क्षतिको पछिल्लो विवरण आउन सकेको छैन ।

**आफ्नै उत्पादन खान डराउँछन् किसान !**

काभ्रे पनौती खोपासीकी सीता दाहालले घर परिवारमा प्रयोग गर्न भने अलग्गै खेती गरेकी छन् । आफूले प्रयोग गर्ने तरकारीमा भने उनले गाईको पिसाब, निम, बकाइनो, केतुके, पिना, सख्खर, साबुन, राजबेली, सिउडी, भिक्स झार मिलाएर बनाएको घरेलु विषादीसँगै प्रांगारिक जैविक मलको प्रयोग गरिरहेकी छन् ।

'ताजा सागदेखि हरेक हरिया तरकारी विषादीबिना उत्पादन नहुने र अन्नमा समेत प्रयोग गरिएको विषले स्वास्थ्यमा जोखिम पैदा गर्ने भएकाले किनेर खान आफैँलाई डर लाग्ने गरेको छ,' सीताले भनिन् ।

काभ्रेको धुलिखेल नगरपालिकाका वडा नं.१२ शंखूका राज गोले पनि आलु र टमाटरमा हप्तापिच्छे विषादी प्रयोग गर्नुपरेको सुनाउँछन् । 'ती आलु र टमाटर खाँदा भोलि आफैँ रोगी भइन्छ कि भन्ने डर लाग्छ,' उनले भने ।

व्यावसायिक प्रयोजनका लागि रासायनिक विषादी प्रयोग गर्ने टनेल आसपासमै अर्गानिक उत्पादन गरे पनि त्यो उत्पादन शुद्ध नहुने र त्यसमा पनि विषादीको असर पर्ने कृषि विज्ञहरू बताउँछन् । 'सँगैको टनेलभित्र तरकारीमा छर्ने रायायनिक विषादी हावा, पानी र माटोका माध्यमबाट अर्को अर्गानिक उत्पादन गरिरहेको टनेलका बोटबिरुवासम्म पुग्ने गर्दछ,' कीटविज्ञ काशीनाथ चिलुवालले भने, 'कृषकले आफैँले उपभोगका लागि मात्रै अर्गानिक हिसाबले उत्पादन गरेको तरकारीमै पनि केही हदसम्म विष खाइरहेका छन् ।'

व्यावसायिक हिसाबले बिक्रीवितरणका लागि तरकारी खेती गर्ने कृषकले आफ्ना लागि छुट्टै घरेलु प्रांगारिक औषधिहरू निम, पाती, भाङ, टिम्मुर, खुर्सानी, गाईको पिसाब, धतुरोलगायतको प्रयोग गरी उत्पादन गर्ने गरेको पाइएको केन्द्रीय कृषि प्रयोगशालाका बाली संरक्षण अधिकृत महेश तिमिल्सेनाले बताए ।

**सुरक्षा र सावधानीबारे बेपरवाह किसान**

चाँगुनारायण नगरपालिकाका कृषक दीपकराज जैसी जोखिम मोलेर विषादी प्रयोग गरिरहेका छन् । 'मास्क, टोपी, लगाउने गरेको छु, तर यसले मात्रै हुँदैन, शरीरका विभिन्न अंगमा विषादी छिर्छ, केही होला कि भन्ने चिन्ताले सताइरहन्छ,' उनी भन्छन् ।

पनौतिकी सीता दाहाललाई बारीमा विषादी छरेको दुई दिनसम्म घाँटी र शरीर चिलाउने, कोक्याउने, टाउको दुख्ने गर्छ। 'बोटको फेदमा छर्दा त केही हुँदैन, आफ्नै टाउको माथि लगेर बोटको माथिसम्म छर्दा त आँखामै पर्छ,' उनले भनिन्, 'हलक्क बढेका बोटमा विषादी छर्दा भने घाँटी खिच्याउने खसखस भएर हप्ता दिनसम्म निकै गाह्रो हुन्छ, विषादी कडा रहेछ भन्ने आफैँलाई अनुभव हुन्छ ।'

धुलिखेल नगरपालिका–१२ मा ७ रोपनी जग्गा भाडामा लिएर तरकारी खेती गरिरहेका राज गोले मास्क, पन्जा, जिउ छोप्ने रेनकोटलगायतका पहिरन नलगाईकनै खेतको आलुमा विषादी छरिरहेको भेटिए। 'विषादी छर्दा मास्क, पन्जा र रेनकोट लगाउनुपर्ने सुने पनि त्यसबारे होसियार छैनौँ,' उनले भने। ७ वर्षयता आलु खेती गरिरहेका उनले आलुको सिजनमा महिनामै ५ पटकसम्म विषादी छर्नुपरेको सुनाए। विषादी छर्दा कसरी छर्ने भन्ने अहिलेसम्म कतैबाटै तालिम नलिएको उनले बताए ।

ललितपुर महानगरपालिका–२२ चुनीखेलमा ४ रोपनी जग्गा भाडामा लिएर दुई वर्षयता तरकारी खेती गरिरहेका दैलेखका पुष्पक शाही आफैं एग्रोभेट सञ्चालक पनि हुन् । उनी अरू किसानलाई विषादी बेच्छन् । आफैं पनि तरकारी बालीमा विषादी हाल्दछन् । रासायनिक मलसँगै गोलभैँडामा विषादीका लागि राम्रै लगानी भएको उनी बताउँछन् ।

**केन्द्रीय कृषि प्रयोगशालाले हरियो सागमा गरेको विषादी परीक्षणको नतिजा**

| वर्ष | नमूना | हरियो | पहेलो | रातो |
|---|---|---|---|---|
| २०७५/७६ | १०८५ | १०८० | १ | ४ |
| २०७६/६६ | २१५ | २०९ | २ | ६ |
| २०७८/७९ | ४६ | ३९ | ० | ७ |
| २०७९/८० | २१७ | २०२ | २ | १३ |
| २०८०/८१ | २२५ | २०७ | ४ | १४ |

**केन्द्रीय कृषि प्रयोगशालाले गोलभैँडामा गरेको विषादी परीक्षणको नतिजा**

| वर्ष | नमूना | हरियो | पहेलो | रातो |
|---|---|---|---|---|
| २०७५/७६ | १४४६ | १४३८ | ५ | ३ |
| २०७६/७७ | १६६६ | १६५२ | ४ | १० |
| २०७८/७९ | ७५ | ७२ | १ | २ |
| २०८०/८१ | १११८ | १११२ | २ | ४ |

**विषादीविरुद्ध नागरिक जाग्दै, स्थानीय सरकार उदासीन !**

प्लास्टिक टनेलभित्र गोलभैँडालगायतका तरकारी खेती गर्ने क्रममा जथाभावी विषादीको प्रयोग भएकाले असर परेको भन्दै यस्तो कार्य तत्काल बन्द गर्न चाँगुनारायण नगरपालिका–८ का बासिन्दाले नगरपालिका र वडा कार्यालयलाई गुहारेका छन् ।

पुस २८, २०८१ मा स्थानीयले बासिन्दाले हस्ताक्षरसहित नगरपालिकालाई बुझाएको निवेदनमा चाँगुनारायण नगरपालिका–८ साबिक सुडाल–५ मा बस्तीवरपर आफू खुसी टनेल हाली खेतीपाती गर्नेहरूले हालेको विषादीबाट वरपर बसोबास गर्ने मानिसहरूलाई विभिन्न किसिमका रोग लाग्ने जोखिम बढेकाले नगरपालिकाबाट अनुगमन गर्न माग गरिएको थियो ।

'कृषकले के कसरी विषादी छर्किरहेका छन् भनेर जाँचबुझ गरिरहेका छौँ,' नगरपालिकाका कृषि अधिकृत सुरेश सिम्खडाले भने। विषादीको अधिक प्रयोगले समस्या आएको उनले बताए ।

यस्तै खेतीमा प्रयोग गरिएको विषादी र फ्याब्रिक कारखानाले टोलभरि वायु प्रदूषण गराइरहेको भन्दै माघ १८, २०८१ मा सूर्यविनायक नगरपालिका–८ सिपाडोलका बासिन्दाले पनि वडामा निवेदन दिएका छन् ।

वडा नं. ८ का वडासचिव मोहन गिरीले स्थानीयको निवेदनमाथि अनुगमन गरी वडाले आवश्यक कदम चाल्ने गरेको बताए ।

पनौतीकी स्वास्थ्य स्वयंसेविका ममता भारती अन्धाधुन्ध विषादी प्रयोग भइरहे पनि स्थानीय सरकार नियमन र नियन्त्रणमा रमिते हुँदा कृषक जोखिममा परेको बताउँछिन् ।

पनौती नगरपालिका कृषि अधिकृत सन्तोष पाण्डे कृषकहरू एग्रोभेटकै सल्लाहबाट विषादी खरिद गरी प्रयोग गरिरहे पनि ठीक मात्रामा र उचित विधिबाट नभइरहेको बताउँछन् । जनशक्ति थोरै भएकाले सबै कृषकको घरसम्मै सेवा दिन कठिन भएको उनले बताए। 'कृषकबाट विषादी तोकिएभन्दा ज्यादा प्रयोग भइरहेको छ, अहिले असर नपरे पनि दीर्घकालीनचाहिँ देखिन्छ,' उनले भने, 'कृषकहरू लगानी उठाउन र बाली जोगाउनमा केन्द्रित छन्, जनस्वास्थ्य र जोखिमबारे बेवास्ता गरिरहेका छन् ।'

रोग किरा नियन्त्रण, एग्रोभेटको अनुगमनमा प्रभावकारी काम गर्न नगरपालिकाले नसकेको उनले स्वीकार गरे। 'हामी अनुदान वितरण र कागजी डकुमेन्ट बनाउनै वढी समय खर्चिएकाले रोग किरा नियन्त्रण, बाली संरक्षणमा कृषकलाई खेतबारीसम्म सेवा दिन सकेका छैनौँ, एग्रोभेटकै बदमासीका कारण थुप्रै समस्या र बेथिति पैदा गरेको छ,' चाँगुनारायण नगरपालिका कृषि अधिकृत सुरेश सिम्खडाले भने ।

सूर्यविनायक नगरपालिकाले नगरपालिकाभित्रका व्यावसायिक कृषकले अन्धाधुन्ध विषादी प्रयोग गरेको पाएपछि यो वर्ष विषादी प्रयोग गर्ने तरिकाबारे सचेतनामूलक कार्यक्रम गरिरहेको नगरपालिकाकी सहायक वाली विकास अधिकृत शान्तिला बुढाथोकीले बताइन् ।

भक्तपुर नगरपालिकाका प्राविधिक रवि ख्याजू विषादी छरेपछि न्यूनतम होल्ड गर्ने समयको कृषकले पालना गरे नगरेको बारे निगरानी र एग्रोभेटको नियमन नगरपालिकाले गर्न नसकेको बताउँछन् । 'एग्राभेटको अनुगमन गर्न पनि स्थानीय तहसँग स्रोत साधन छैन। प्रदेशले चासो लिएकै छैन,' उनले भने ।

**एग्रोभेटकै मनोमानी**

जीवनाशक विषादी व्यवस्थापन ऐन २०७६ को परिच्छेद ६ मा जीवनाशक विषादीको जथाभावी प्रयोग गर्न तथा त्यस्तो विषादीको अवशेष तोकिएभन्दा बढी मात्रामा हुने गरी उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन ।

जीवनाशक विषादीको बिक्रीवितरण गर्ने व्यक्ति वा संस्थाले सुरक्षित जीवनाशक विषादी तथा सो विषादी प्रयोग र विसर्जन गर्दा लगाइने सुरक्षित पहिरनसमेत बिक्रीका लागि राख्नुपर्ने ऐनमै स्पष्ट छ ।

भेटनरी जेटीएको तालिमपछि पनौती खोपासीमा एग्रोभेट चलाइरहेका स्थानीय कृषक रामप्रसाद हुमागाईं भन्छन्, 'विषादी किन्ने कतिपय ग्राहकलाई मास्क, पन्जा र एप्रोन दिन्छौं। विषादी किन्न धेरै ग्राहक आउने हुँदा सबैलाई दिन पुग्दैन ।'

पनौती नगरपालिका कृषि अधिकृत सन्तोष पाण्डे किसानले एग्रोभेटकै सल्लाहबाट विषादी खरिद गरी प्रयोग गरिरहे पनि प्रयोग ठीक मात्रामा र उचित विधिबाट नभइरहेको बताउँछन् । जनशक्ति थोरै भएकाले सबै कृषकको घरसम्मै सेवा दिन कठिन भएको उनले बताए ।

'कृषकबाट विषादी तोकिएभन्दा ज्यादा प्रयोग भइरहेको छ, अहिले असर नपरे पनि दीर्घकालीनचाहिँ देखिन्छ,' उनले भने, 'कृषकहरू लगानी उठाउन र बाली जोगाउनमा केन्द्रित छन् । जनस्वास्थ्य र जोखिमबारे बेवास्ता गरिरहेका छन् ।'

एग्रोभेटले यो विषादी यस्तो हो यसरी प्रयोग गर्ने, प्रयोग गरेपछि यति दिन पर्खनुपर्दछ भनेर कृषकलाई विषादी किन्दा नै स्पष्ट बुझाउनुपर्छ। छाला, श्वासप्रश्वास, मुख, कुन-कुन अंग जोगाउनुपर्छ भनेर सिकाउनुका साथै विषादी छर्दा लगाउने आवश्यक उपकरण पनि दिनुपर्नेमा त्यसमा ग्याप रहेको वरिष्ठ बाली संरक्षण अधिकृत मनोज पोखरेलले बताए ।

सूर्यविनायकमा तरकारी खेती गर्दै आएका आत्मराम बुढाथोकी स्थानीय तहका कृषि प्राविधिकसँग आफ्नो पहुँच नपुगेकाले एग्रोभेटले जे भन्दछन् त्यसैअनुरूप छर्ने गरेको बताउँछन् ।

विषादीबारे तालिम, सचेतना र रोग किरा नियन्त्रणका लागि आवश्यक प्राविधिक सल्लाह कृषकसम्म पुग्न सकेको छैन। सरकारले केही कडा खालका विषादीलाई बिक्रीवितरण गर्न प्रतिबन्ध लगाएको छ। 'प्राविधिकको सल्लाहमा आवश्यक मात्रामा मात्रै विषादी प्रयोग गर्नुपर्नेमा एग्रोभेटको व्यापारिक होडबाजीमा भइरहेको छ,' केन्द्रीय कृषि प्रयोगशालाका सूचना अधिकारी महेश तिमिल्सिनाले भने ।

प्रतिबन्धित विषादीको प्रयोग गर्न नपाइने उक्त ऐनले स्पष्ट गरेको छ। तर खुला सिमानाको फाइदा उठाउँदै एग्रोभेटले प्रतिबन्धित विषादीहरूको कारोबार पनि गरिरहेको पाइएको छ। प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका वरिष्ठ बाली संरक्षण अधिकृत मनोज पोखरेल खुला सिमानाका कारण यस्तो क्रियाकलाप भइरहे पनि एग्रोभेटको अनुगमन कार्य प्रभावकारी नहुँदा नियमन र नियन्त्रणमा समस्या रहेको बताउँछन् ।

**विषादीको प्रयोगले क्यान्सरको खतरा !**

गोर्खाको गण्डकी गाउँपालिकामा ६१ जना क्यान्सरका र १५ जना मिर्गौलाका बिरामी भेटिएपछि भदौ, २०८१ मा पशुपन्छी विकास मन्त्रालयले अध्ययन कार्यदल गठन गरेको छ ।

बिरामी परेकामध्ये अधिकांश किसान हुन् । उनीहरूलाई क्यान्सर लाग्नुको कारण यो हो भनेर कार्यदलले किटान गर्न सकेन। गाउँपालिका अध्यक्ष दीपक तिमिल्सना क्यान्सरको कारण के हो राज्यले अनुसन्धान गरी यकिन गर्नुपर्ने बताउँछन् ।

कार्यदलले त्यहाँका किसानको तरकारी बालीको नमुना संकलनपछि विषादी परीक्षण गरेको थियो। तर कार्वामेट र अर्गानोफस्फेट समूहका कीटनाशक विषादीको अवशेषको रोकावट प्रतिशत ३५ भन्दा कम रहेको पाइएको थियो। घटनापछिको नमुना लिएकाले कृषकमा सचेतनाका कारण विषादी हालिए पनि परीक्षण गर्दा तरकारी प्रयोग गर्न योग्य देखिएको अध्ययन कार्यदलको ठम्याइ छ ।

'कृषकका साथै कृषि नगर्ने मानिसहरू पनि क्यान्सर रोगी भेटिए, कृषकले विषादी छर्दा व्यक्तिगत सुरक्षा र सावधानी साथै छरेपछि पर्खिनुपर्ने समय अवधिको बेवास्ता गरेको पाइयो,' अध्ययन कार्यदलका संयोजक कीटविज्ञ काशीनाथ चिलुवालले भने ।

गण्डकीका किसानमा क्यान्सर हुनुको कारण पत्ता नलागे पनि सन् १९९७ मा अकुपेसनल मेडिसिन : स्टेड अफ आर्ट रिभ्युद्वारा प्रकाशित अमेरिकन अनुसन्धानले विषादीको प्रयोग गर्ने कृषक विभिन्न खालका क्यान्सरको जोखिम हुने गरेको फेला पारेको छ ।

अध्ययनले बिना सावधानी र उपकरणबिना विषादी प्रयोग गर्दा कृषकहरू सबभन्दा घातक खालका क्यान्सरको जोखिममा परेको पत्ता लगाएको हो। छाला, पेट, फोक्सो, अण्डाशयको क्यान्सर विषादी प्रयोग गर्ने कृषकमा पाइरहेको उक्त अध्ययनले पुष्टि गरेको छ ।

सन् २०१९ मा कृषि जर्नलमा प्रकाशित अनुसन्धानकर्ता ज्योति न्यौपानेको अनुसन्धानमूलक लेखमा विषादीको प्रयोगले मानव स्वास्थ्यमा तत्काल र दीर्घकालमा असर पार्ने उल्लेख छ। विषादीको प्रयोग गर्ने कृषकमा छाला चिलाउने, वान्ता आउने, आँखाको दृष्टि क्षमतामा समस्याजस्ता तत्कालीन असर पार्ने र दीर्घकालमा दम र क्यान्सरजस्ता घातक रोगको जोखिम बढाउने उक्त अध्ययनले बताएको छ ।

भक्तपुर क्यान्सर हस्पिटलका अन्कोपार्जिकल विभागका प्रमुख डा. उत्सवमान श्रेष्ठका अनुसार विषादी र क्यान्सरको सम्बन्ध नजिकको छ। क्यान्सरजन्य रासायनिक पदार्थहरूमा केही कीटनाशक हर्विसाइड र अन्य रासायनिक उत्पादनहरू पर्दछन् । 'जब यी रसायनहरू शरीरमा लामो समयसम्म रहन्छन् । तिनीहरूले डीएनएमा पुर्‍याउने क्षतिले क्यान्सरको विकासमा योगदान दिन सक्छ,' उनले भने ।

डा. उत्सवमान विषादी छर्कंदा व्यक्तिगत सुरक्षा नअपनाउने कारण जोखिम बढिरहेको बताउँछन् । उनका अनुसार छाला फोक्सोसम्बन्धी क्यान्सर विषादीको सम्बन्ध छ। 'बारीमा विषादी छर्दा छाला र कुनै अंग नदेखिने गरी गर्नुपर्छ,' उनी भन्छन्, 'विषादी छर्दा श्वासभित्र जाने स्थानहरू नछोपिए सिधै गएर फोक्सोलाई नै असर गर्दछ। लामो समय यसरी नै प्रयोग गरेमा फोक्सोको क्यान्सर पनि हुन्छ ।'

विषादीसँग नियमित काम गर्ने कृषकहरू क्यान्सरको जोखिममा हुने भएकाले उनीहरूले वर्षमा एक पटक क्यान्सरको परीक्षण गर्नुपर्ने बताए। 'जोखिममा रहेका कृषकको छाती, फोक्सो, पेट, छाला र आँखाको सामान्य स्क्रिन एक्सरे गरेपछि, शंका लागेमा जुन अंगमा लक्षण देखिएको छ, त्यसको सिटी स्क्यान्स गरेर क्यान्सर पत्ता लाग्छ,' उनले भने ।

वीर अस्पतालका क्लिनिकल अन्कोली डिपार्टमेन्टका प्रमुख प्रा.डा. विवेक आचार्य भन्छन्, 'विषादी तोकिएभन्दा अत्यधिक मात्रामा प्रयोग गरेपछि रगतको क्यान्सर, पेटको क्यान्सर बनाउने, आमाशय (ब्राडर) को क्यान्सर बनाउन मुख्य रूपमा भूमिका खेल्छ।' विषादीयुक्त खानाले मुटु, कलेजो, मिर्गौलालगायत सबै अंगमा असर पार्ने उनले बताए ।

कृषकले व्यक्तिगत सुरक्षा र सावधानीको मापदण्ड पालना नगरी विषादीको प्रयोग गर्दा मुखबाट शरीरका विभिन्न अंगमा पुग्ने र यसले शरीरका महत्त्वपूर्ण भागमा असर पार्ने वीर अस्पतालका प्रा.डा. विवेक आचार्य बताउँछन् । 'यसले पेटको क्यान्सर, रगतको क्यान्सर, कलेजोको क्यान्सर, पिसाबको क्यान्सर उत्पन्न गर्न सघाइरहेको छ,' आचार्यले भने ।

त्यस्तै, विश्वव्यापी क्यान्सरको प्रक्षेपण गर्ने संस्था ग्लोबल क्यान्सर अब्जरभेटरीको रिपोर्टले पनि नेपालमा क्यान्सर रोगीको अप्रत्याशित वृद्धि भइरहेको देखाएको छ। उसको आँकडाले सन् २०२२ मा मात्रै नेपालमा २२ हजार ८ वटा नयाँ क्यान्सरका केस फेला परेको देखाउँछ। जसमा महिला धेरै १२ हजार २ सय १६ थिए। सो वर्ष मात्रै १४ हजार ७ सय ४ जनाको क्यान्सरकै कारण मृत्यु भएको थियो। उक्त संस्थाले फोक्सोको, पेटको, मुखको, स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरले अग्रस्थान ओगटेको देखाउँछ ।

भक्तपुर क्यान्सर अस्पतालको पछिल्लो ५ वर्षको आँकडाले पनि क्यान्सरका बिरामीको संख्या बढेको देखाउँछ ।

राज्यको स्वास्थ्य नीति र क्यान्सरसम्बन्धी नीतिमा पनि विषादीका कारण क्यान्सरको जोखिम बढेकाले नियमन र नियन्त्रणमा सरकारले विशेष काम गर्नुपर्नेमा जोड दिइएको छ ।

विषादी प्रयोगबाट तत्काल टाउको दुख्ने, वान्ता आउने, वाक्वाकी आउने, हात काप्ने, बेहोस् हुनेलगायतका समस्या हुन्छन् । खतरनाक विषादीले दीर्घकालीन रूपमा क्यान्सर हुने, बच्चाहरूमा अपांगता गर्भपात, कलेजो खराबीजस्ता समस्या देखिएका छन् ।

गर्भावस्थामा विषादीयुक्त आहारविहारले जन्मिने बच्चा अपांगता, सुस्तमनस्थिति र मस्तिष्तकको ट्यूमरसमेत हुने विषादी र क्यान्सरसम्बन्धी सन् १९९७ को स्टेड अफ आर्ट रिभ्युबाट प्रकाशित अमेरिकन अध्ययनले देखाएको छ। डा. आरोन ब्लेयर, डा.मेरी एच वार्ड साथै सेलिया होरजाहसको अध्ययनले यस्तो पाएको थियो ।

महाराजगन्जस्थित शिक्षण अस्पतालका डा. राजीव ओझाको अनुसन्धानले विषादीयुक्त तरकारी र फलफूलको सेवनबाट वृद्धवृद्धामा पार्किन्सन हुनुको एउटा महत्त्वपूर्ण कारण भएको पत्ता लागेको छ। सो अनुसन्धानमा बालबालिकामा जन्मँदै अपांगता हुने समस्या पाइएको उल्लेख छ। विश्व स्वास्थ्य संगठनका अनुसार बर्सेनि विश्वभर ४० लाख व्यक्ति यस्ता विषादीका कारण प्रभावित छन् । त्यसमध्ये करिब ३ लाख जनाको विषादीका कारण मृत्यु हुने गरेको छ ।

**उपभोक्ताले अपनाउनुपर्छ सावधानी**

उपभोक्ता संरक्षण ऐन २०७५ को परिच्छेद ३ को उपभोक्ताको अधिकारमा वस्तु तथा सेवामा सहज पहुँच, छनोटको अधिकार गुणस्तर मूल्य र परिणाम साथै शुद्धता स्पष्ट उल्लेख छ। त्यस्तै उक्त दफाको (ङ) मा मानव जीउ गुणस्तरबारे सुनिश्चित गरिएको छ। ज्यानको स्वास्थ्य तथा सम्पत्तिमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्रीवितरणबाट सुरक्षित हुन पाउने अधिकार छ। उपभोक्ताले ती अधिकार राज्यबाटै वास्तवमा उपभोग गर्न नपाउँदा निरीह बन्नुपरेको छ ।

काठमाडौं महानगरपालिका जैसीदेवलकी ईश्वरी जोशी तरकारीदेखि पानीसम्म विषादीयुक्त हुँदा स्वास्थ्यबारे चिन्तित छन् । भात र अन्नभन्दा तरकारी बढी खान रुचाउने उनलाई अहिले विषादीको प्रयोग भएको सुन्दा तरकारीमा मन मर्दै गएको छ। 'तरकारीको अलि बढी नै पारखी थिएँ, सागसमेत बजारबाट घरमा ल्याउन छाडिसकेको छु,' उनले भनिन् ।

६० वर्षकी आफ्नै आमा विष्णुमाया श्रेष्ठलाई दुई वर्ष अगाडि क्यान्सरका कारण गुमाएकी उनी आफ्नो र परिवारको स्वास्थ्यप्रति संवेदनशील र चिन्तित छन् ।

भान्सामा पुगेका तरकारी नुन पानी, पोटासलगायतका कुराले धोइपखाली गरी पकाउने गरेको उनले बताइन् । गोलभैँडामा धेरै विषादी हालेको देखेकी उनले नुन पानीले धोएर एक/दुई दिन फ्रिजमा राखेपछि मात्रै प्रयोगमा ल्याउने गरेको उनले सुनाइन् ।

वीर अस्पतालका डा. विवेक आचार्य किनेर ल्याएको तरकारी साग र गोलभैँडालाई पानीले सफा गर्ने र नुन पानीले पखाल्ने, केही दिन खुला हावामा त्यसै छोडेर राख्न सुझाउँछन् । 'यस्ता उपाय अपनाउँदा मात्रै पनि विषादीको मात्रा थोरै कम गर्ने सकिन्छ ।'

तर सरकारले विषादीयुक्त तरकारीको उत्पादनलाई रोक्नुपर्ने उनको सुझाव छ। नाकाहरूमा विषादीयुक्त तरकारी र अन्न आउनै नदिने गरी सरकारले काम गर्नुपर्नेमा जोड दिँदै डा. विवेक भन्छन्, 'राज्य यसमा जिम्मेवार हुनै पर्दछ, नत्र भोलि यसले विकराल रूप लिन्छ ।'

*(पत्रकार लुइँटेलले यो सामग्री निमजिनका लागि तयार पारेका हुन् ।)*

## सम्पादकीय

# नियमनका नाउँमा नियन्त्रण नहोस्

*बिहान उठेर दूध, तरकारी, पत्रिका किने पनि नगद भुक्तानी नगरेर मोबाइलमै भुक्तानी गर्न थालिएको छ। गाडी भाडासमेत नगद कारोबारमा सीमित नभएर डिजिटल भुक्तानीमार्फत हुन थालेको छ। डिजिटल मञ्चमै समाचार, जानकारी, सूचना, पाउने-दिने थलो हुन थालेका छन्।*

*यसको पहुँच र प्रयोग अकल्पनीय ढंगले अघि बढेको छ। संसार डिजिटलमय हुँदै जाँदा देखिने चुनौतीहरू नेपालको लागि मात्र होइन संसारकै लागि नवीन हुन्। हो, पश्चिमा समाजमा विकसित यी मध्यममा उनीहरू अगाडि छन्, तर हामी पनि यो क्षेत्रमा धेरै पछाडि छैनौ भन्ने कुरा यी क्षेत्रका विज्ञले नै भन्दै आएका छन्।*

*मानिसको दैनिक जीवनमा अपरिहार्य बन्दै गएको डिजिटल मञ्चहरू यदाकदा दुरुपयोग हुने गरेकोले नियमन हुनुपर्ने जायज कुरा हो। नियमन हेरक कुरामा हुनुपर्छ भन्नेमा दुई मत छैन। उत्पादन ग्राहकसम्म पुग्दाका हरेक चरण, सेवाग्राहीले सेवा उपयोग गर्दाका हरेक चरणमा नियमन हुनुपर्दछ। अब अहिले सञ्चार जगत् पनि डिजिटल माध्यमबाटै अघि लागेको हुँदा नेपालमा डिजिटल नियमनको कुरा आएका छन्।*

*सञ्चारको भूमिका सूचना तथा जानकारी दिन, शिक्षा दिने; उत्प्रेरणा गर्ने हो। जसका कारण यसको विश्वसनीयता अधिक हुन्छ। समाज, राष्ट्र, जनजनले दिशानिर्देशका लागि उपयोग गर्ने सञ्चार सामग्री नै अविश्वसनीय देखिए भने त्यसको प्रभाव घातक हुन्छ, त्यसैले पनि सञ्चार माध्यमको नियमन चाहिन्छ भन्नेमा बिमति राख्ने ठाउँ छैन।*

*यसै सन्दर्भमा सरकारले सामाजिक सञ्जाल नियमन र साइबर सुरक्षाको कानून तर्जुमा प्रक्रियाका कामलाई अघि बढाइरहेका बेला सर्वोच्च अदालतले नियमनका लागि मौजुदा निर्देशिका पर्याप्त नभएकाले छुट्टै कानून बनाउन आवश्यक रहेको राय प्रस्तुत भएको छ। डार्क फाइलका नामबाट सिधा कुरा डटकमबाट प्रसारण भएको सामग्रीले अदालतको अवहेलना गरेको भन्ने मुद्दामा सर्वोच्चको नौ सदस्यीय बृहत् पूर्ण इजलासले प्रविधिको दुरुपयोग रोक्न आवश्यक रहेको टिप्पणी गरेको हो।*

*तर, यहाँनिर उल्लेख्य पक्ष के छ भने अदालतले नियमनका लागि छुट्टै कानून बनाउनु भने पनि 'विचार तथा अभिव्यक्ति स्वतन्त्रतामा दखल नपुग्ने गरी त्यस्तो कानून निर्माणका पक्षमा' काम गर्न राय दिएको छैन। अर्थात्, संविधानले दिएको प्रेस तथा वाक् स्वतन्त्रततामा अंकुश लगाउनेतर्फ अदातलको मनसाय छैन भन्ने प्रष्ट छ। सामाजिक सञ्जालको दुरुपयोगले व्यक्तिहरूमाथि विविध खालको हिंसाको सिकार हुनुपर्ने देखिएको हुँदा पीडितहरूलाई संरक्षण गर्नु पनि जरुरी हुन्छ भन्ने अदालतको रायलाई मनन गर्नुपर्ने देखिन्छ। 'हानिकारक वा गैरकानूनी सामग्रीका मापदण्ड पनि स्पष्टरूपमा परिभाषित हुनुपर्ने' टिप्पणीले आखिरमा सभ्य समाज निर्माणका लागि आवश्यक स्वथ्य बहस र चिन्तनलाई नै अघि बढाउन मार्गप्रशस्त गर्नेछ।*

*सामाजिक सञ्जालको दुरुपयोग तथा यसको प्रयोग गरेर हुने आपराधिक कार्य एवं गलत सूचना, भ्रामक कुरा, ट्रोलिङ, व्यक्तिगत नोक्सानीलगायतका हानीकारक सामग्रीको नियमन प्रभावकारी रूपमा गर्न उल्लिखित निर्देशिका मात्र पर्याप्त नभएको आभास भएको कुरालाई अन्यथा मान्न सकिन्न।*

*हाल विधायक निर्माणको चरणमा रहेको हुँदा पनि देखिएका कमीकमजोरीलाई बेलैमा सच्याउन सकिने एउटा अवसर पनि हो। अदालतले 'विचार र अभिव्यक्ति तथा सञ्चारको हकमा दखल नपुग्नेगरी सामाजिक सञ्जालको नियमनमा छुट्टै कानून तर्जुमा गरी नियमन हुन उपयक्त देखिन्छ' भनेको छ। सरकारले यसअघि नै राष्ट्रिय सभामा सामाजिक सञ्जाल विधेयक दर्ता गरेको थियो। उक्त विधेयकमा संसदीय प्रक्रिया जारी रहेका बेला अदालतले कानून निर्माणका लागि विधायिकालाई ध्यानाकर्षण गराएको हो। प्रस्तावित विधेयकका कतिपय प्रावधान अभिव्यक्ति स्वतन्त्रतासँग अमिल्दो भएको भन्दै आलोचनासमेत भइरहेको छ।*

*समग्रमा चुरो कुरा के हो भने नियमन गर्ने कुरामा कसैको पनि दुईमत हुने छैन। तर, अदालतको निर्देशनलाई छलेर सरकारले संविधानप्रदत्त प्रेस नियन्त्रणको तानावाना बुनेको हो भने त्यो कदापि स्वीकार्य हुने छैन। प्रेस आफू पनि जिम्मेवार हुनुपर्छ र त्यो जिम्मेवारी निर्वाहका बुँदा र विषयमा थप छलफल हुन सक्छ, तर प्रेस तथा अभिव्यक्ति नियन्त्रण अस्वीकार्य छ।*

# राष्ट्र बचाउने परिकल्पना




**डा. दुर्गाप्रसाद पौडेल**

केही दिनअघि वरिष्ठ चिकित्सक डा. रामेश कोइरालाले विदेशबाट राजीनामा दिएको विषयलाई लिएर सामाजिक सञ्जालहरूमा निकै टिकाटिप्पणी भए। कतिले पद नपाएकाले विदेशियो भने त कतिले उनी जस्तो मान्छेलाई यो देश बस्न योग्य होइन भन्ने टिप्पणी गरे। मुटुरोग विशेषज्ञ जस्तो संवेदनशील पदमा २५ वर्ष काम गरेका व्यक्तिलाई कस्तो मनोदशाले देश छोड्न बाध्य बनायो होला भन्ने कुरा सोचनीय हो।

वास्तवमा विदेशिएका नेपालीमध्येमा उनी एउटा प्रतिनिधि पात्रमात्र हुन्। गाउँको किसानदेखि लिएर दक्ष पेशाकर्मीहरू विदेशिएका छन्। ती सबैजना आ-आफ्नो पेसा र स्थानका दक्ष नागरिकहरू हुन्। तर, के कारणले उनीहरूले आफ्नो थातथलो छोड्नुपर्ने अवस्था आयो होला भन्ने बिषयमा राज्यको खासै चासो भएको देखिँदैन। सामान्यतः उनीहरू असुरक्षित वातावरण, जनजीविकाको गिर्दो अवस्था, भविष्यप्रतिको आशा भरोसाको अभाव जस्ता विषयका कारणले विदेशिएका हुन्। त्यसो भन्दैमा उनीहरूले नयाँ गन्तव्यमा सफलता प्राप्त गरे होलान् भन्ने जस्तो पनि सुनिँदैन।

हुन त, आफ्नो पुर्ख्यौली सम्पत्ति, ज्ञान, सीप, प्रतिष्ठालाई छाडेर नयाँ ठाउँमा गरीखान सजिलो छैन, प्रतिष्ठा कमाउने त परको कुरा हो। साँच्चै भन्ने हो भने नेपालको अप्ठेरो भूवनोटमा बसेका भुइँमान्छेहरूले आफ्नो स-सानो घर-खेतमा कृषि, पशु, वनजंगल लगाएर जनजिविका धान्ने अवस्था सदियौंदेखि चलिआएकै हो। तर, केही दशकयता प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, जनवाद, जनताको मुक्तिजस्ता विभिन्न आकर्षक नाराहरूको नाममा गरिएका आन्दोलन, क्रान्ति, जनयुद्धहरूले परम्परागत रूपमा चलेको समाजलाई जरासम्मै हल्लायो। ती आकर्षक नाराका पुलिन्दाभित्र रहेका अन्तर्यहरू हाम्रा लागि हुन् वा अरु कसैको प्रयोजनका लागि थोपरिएका हुन् भन्ने कुरा हाम्रा नेता तथा बुद्धिजीवीहरूले छुट्याउन सकेनन्।

फलतः ती आन्दोलनहरूले स्थापित गरेका संस्थागत संरचना, नेतृत्व वर्ग, मूल्य मान्यता र आर्थिक क्रियाकलापहरूले देश भताभुङ्ग भयो, नागरिकहरू पलायन भए र अर्थतन्त्र डामाडोल भयो। अब देशकै अस्तित्व रहला कि नरहला भन्ने चर्चा हुन थालेको छ। तीन सय वर्षभन्दा अघिदेखिको गौरवपूर्ण इतिहास बोकेको मुलुक विघटनको संघारमा पुग्नु राम्रो कुरा होइन।

हामी के कारणले यो अवस्थामा आइपुग्यौं भनेर समीक्षा गर्नुपर्छ। ६२/६३ को आन्दोलनले जे-जस्ता कुराहरूलाई संस्थागत गर्‍यो, त्यो मुलुकको धरातलीय यथार्थसँग मेल खाएन। हाम्रो देशको भौगोलिक अवस्था क्षेत्रगत, वातावरणीय वा जातिगत रुपमा एक अर्काप्रति अन्तर्निर्भरतामा अडेको छ। संवेदनशील पहाडमा जथाभावी बाटो खनेर पहाडको उन्नति हुँदैन र चुरेको गेग्रान बेचेर मधेसको



**रसियाको सेनामा भर्ना भएर युक्रेनसँग युद्ध गर्न होस् वा युक्रेनको सेनामा भर्ना भएर रसियासँग युद्ध गर्न होस्, नेपाली युवाहरू तयार भए। यस्ता कहालीलाग्दा तथ्यहरूले नेपालमा केही हुँदैन भनेर मुलुकले आत्मविश्वास गुमाउन लागेको हो कि भन्नेतर्फ संकेत गरेको जस्तो लाग्छ। तर, मुलुकको यो अवस्थाका बारेमा नेपालीहरूमाझ आलोचनात्मक मूल्यांकन, विचार निर्माण र वैकल्पिक प्रस्ताव बारेमा छलफल हुन सकिरहेको छैन। एकाध नेताहरू बाहेक यो संविधानको विपक्षमा बोल्न कसैले हिम्मत गरेको छैन।**

मरुभूमीकरणलाई रोक्न सकिँदैन। हिमाल, पहाड, तराईको यही अन्तर्निर्भरतामा आधारित सदियौंदेखि विकास भएका गाउँ, जिल्लाहरूलाई राज्यको पुनर्संरचना गर्दा भत्काइयो। विकल्पमा ल्याइएका प्रदेश र गाउँ/नगरपालिकाहरूले त्यस्तो अन्तर्निर्भरतालाई टेवा पुऱ्याउन सकेनन्।

त्यस्तै, हाम्रो समाजका विभिन्न जातजातिहरू परम्परागत रीतिरिवाज, चाडपर्व, जात्रामेला, खानपान, भेषभूषाहरूबाट एउटा मालामा उनिएका छन्। एकादशी व्रत, पञ्चमीपूजा, दशैंतिहार, गौरा पर्व, उँधौलीउँभौली, छठ, होलीजस्ता विविध चाड पर्वहरू विविध क्षेत्रमा मनाइए तापनि सम्पूर्ण देशनै उमङ्गित हुन्छ। त्यस्तै पापधर्मको अमूर्त विश्वासले समाजको मूल्यमान्यता र आदर्शलाई स्थापित गरेको छ।

परिवर्तित सन्दर्भका अगुवाहरूले धर्म भनेको अफिम मात्र हो भनेर विद्यार्थीदेखि लिएर कार्यकर्ताहरूसम्मलाई बुझाए। युवाहरूले थोत्रा रूढीवादले गाँजेको हाम्रो देश हो र पैसा भएको विदेश हो भन्ने बुझे। विद्यार्थीले विदेश जानको लागि मात्र पढे भने सत्ता प्राप्ति गरेर भक्कु कमाउनका लागि दलीय कार्यकर्ताहरू लागि परे। जसले जहाँबाट जसरी भए पनि कमाउनु नै जीवनको उद्देश्य भयो। पाप, धर्मको पर्खाल भत्कियो।

त्यस्तै, आर्थिक क्षेत्रमा पनि देशभित्र उत्पादन बढाउनुभन्दा युवाहरूलाई विदेश पठाएर विदेशी मुद्रा भित्र्याउने, विकासको लागि वैदेशिक ऋण लिने तथा यहाँ कमाएको सम्पत्तिलाई जुनसुकै माध्यमबाट भए पनि विदेश पठाउने प्रवृत्ति देखियो। अर्थात् यो देश भरोसा योग्य छैन, विदेश सुरक्षित छ भन्ने भाष्य निर्माण गरियो।

रसियाको सेनामा भर्ना भएर युक्रेनसँग युद्ध गर्न होस् वा युक्रेनको सेनामा भर्ना भएर रसियासँग युद्ध गर्न होस्, नेपाली युवाहरू तयार भए। यस्ता कहालीलाग्दा तथ्यहरूले नेपालमा केही हुँदैन भनेर मुलुकले आत्मविश्वास गुमाउन लागेको हो कि भन्नेतर्फ संकेत गरेको जस्तो लाग्छ।

तर मुलुकको यो अवस्थाका बारेमा नेपालीहरूमाझ आलोचनात्मक मूल्याङ्कन, विचार निर्माण र वैकल्पिक प्रस्ताव बारेमा छलफल हुन सकिरहेको छैन। एकाध नेताहरू बाहेक यो संविधानको विपक्षमा बोल्न कसैले हिम्मत गरेको छैन। बेलाबखत हुने राजतन्त्र पक्षधरहरूको आन्दोलनले मुलुकमा विद्यमान समस्याको निकास दिन सक्तैन। अहिलेको व्यवस्थाबाट लाभान्वित राजनीतिक नेता/कार्यकर्ताहरू यही व्यवस्थाबाट मुलुकको उन्नति हुने ठान्छन्। वुद्धिजीवीहरूले वर्तमान व्यवस्थाको अनुसन्धनात्मक टिप्पणी गरेर वैकल्पिक विचार प्रस्तुत गर्न सकिरहेका छैनन्। सञ्चार-माध्यमहरूमा वैकल्पिक विचारहरू आउँदैनन्। चित्त नबुझे विदेशिए भैगयो, यहाँ बस्नेहरूले यहींको परिस्थितिलाई स्वीकार्नुपर्छ भन्ने जस्तो बुझाई देखिन्छ।

तर अहिलेको परिस्थितिलाई त्यसरी बुझ्नु हुँदैन। कसैको कुनै रणनीतिक पृष्ठपोषणमा तीन चारदशक अघिसम्म विश्वकै शान्तिप्रिय देश भनेर चिनिएको मुलुक आज यो अवस्थामा आइपुग्नु संयोगमात्र होइन। अब यसलाई कुन रूपमा प्रयोग गरिन्छ भन्ने कुरा भविष्यले बताउँछ। हामीजस्तै रणनीतिक महत्त्व बोकेका मुलुकहरू जस्तै युक्रेन, अफगानिस्तान, पाकिस्तान, इरानहरूलाई कुन अवस्थाबाट कुन अवस्थामा पुऱ्याइयो भन्ने कुरा हाम्रै सामु छर्लंग छ।

त्यसैले, अन्तर्राष्ट्रिय रणनीतिक खेलमैदान हुनबाट मुलुकलाई जोगाउने हो भने दुई काम गर्नैपर्छ; पहिलो, २०६२/६३ पछि विदेशीबाट विदेशीका लागि बनाइएको संवैधानिक व्यवस्थालाई जति सक्दो छिटो परिवर्तन गर्नुपर्छ। यसको पक्षमा जे जति पैरवी गरे तापनि यसले खडा गरेका संवैधानिक संरचनाहरूले देशलाई विघटनतर्फ नै लैजानेछ।

दोस्रो, हिमालय क्षेत्रको दिगो विकास गर्दै मुलुकको आर्थिक विकास गर्ने रणनीति नेपालले लिनुपर्छ। चीन र भारतको स्वार्थसँग जोडिएको हिमालय क्षेत्रको दिगो विकासको खाकाको तयार गर्न सकियो भने दुवै देशहरूले त्यसको कार्यान्वयन गर्न मद्दत पुऱ्याउने छन्। त्यसबेला नेपालले आफ्नो सान्दर्भिकता स्थापित गर्न सक्नेछ। अनि, क्षेत्रीय भूराजनीतिक उथलपुथलमा नेपालले पनि यथोचित स्थान पाउन सक्नेछ।

यस्तो खाका कसरी विश्वसनीय ढंगले बनाउने र नेपालभित्र र बाहिर संवाद गर्ने भन्ने विषय नै अहिलेको लागि महत्वपूर्ण सवाल हो। देशभित्र विश्वसनीय प्राज्ञिक संस्थाहरू छैनन्। धेरैजसो वरिष्ठ पेशाकर्मी तथा बुद्धिजीवीहरू पलायन भइसकेका छन्। नेताहरू जोकरजस्ता देखिन्छन्। देशका मुख्य संस्थाहरूको विश्वसनीयता, क्षमता र नैतिक छवि राम्रो छैन।

यस्तो विषम परिस्थितिमा पश्चिमा दाताहरूको भर पर्नुहुँदैन। यसमा उनीहरूको स्वार्थ नभएकाले उनीहरूले पैसा हाल्दैनन्। पैसा हाले पनि उनीहरूका सल्लाहकारहरूले दिने सल्लाह नै नेपालले विगतदेखि व्यहोरेको समस्या हो।

त्यसैले, मुलुकभित्रकै कुनै संस्था वा व्यक्तिले प्रारम्भिक कार्यहरूको लागि स्रोत-साधन लगानी गर्न चाह्यो भने, आफ्नै हिसाबले यही प्रयोजनको लागि एउटा संस्था स्थापना गरी विज्ञ टोली तयार पार्न सकिन्छ। त्यसबाट प्रारम्भिक अनुसन्धान र छलफल गर्दै हाम्रा समस्याहरूको पहिचान मौलिक ढंगले गर्न सकिन्छ। त्यसलाई आधार बनाएर एउटा राष्ट्रिय स्तरमा प्रस्ताव तयार पार्न सकिन्छ।

यसरी, तयार पारिएको प्रस्तावमा भारत र चीनसँग संवाद गरी राजनैतिक स्थायित्व र आर्थिक विकासको एउटा प्याकेजमा त्रिदेशीय सहमति जुटाउन पहल गर्न सकिन्छ। यसबाट चीनले प्रस्ताव गरेको नेपाललाई भूपरिवेष्ठितबाट भूजोडित देशमा रूपान्तरण गर्न सकिनेछ।

## पाठक-मञ्च

### लम्पीविरुद्धको खोपमा ढिलासुस्ती नगरौं

पशुहरूमा लाग्ने 'लम्पी स्किन' (काप्रिपक्स भाइरस) रोगले देशभरका पशुचौपाया आक्रान्त छन्। तीव्र रूपमा फैलिने महामारीजन्य रोग 'लम्पी स्किन' संक्रमणविरुद्ध बागमती प्रदेशले साताव्यापी खोप अभियान सञ्चालन गरेको छ। प्रदेशका आठवटा पशु सेवा कार्यालयमार्फत १३ जिल्लामा भदौ १ देखि ७ सम्म सप्ताहव्यापी खोप अभियान सञ्चालन भइरहेको छ। प्रदेशका १३ जिल्लाका कम्तीमा एक लाख २० हजार पशुका खोप लगाउने तयारी थालिएको बताइएको छ।

बागमती प्रदेशका खोप लगाउन योग्य पशुको संख्या १० लाखको हाराहारीमा रहेकाले कुल संख्यामध्ये कम्तीमा १० प्रतिशतमा एकै पटक खोप दिन अभियान सञ्चालन हुनु पशुपालक कृषक तथा आम सर्वसाधारणलाई सान्त्वनाको कुरो हो। संघीय सरकारले उपलब्ध गराएको ८० हजार डोज खोप १३ जिल्लाका सबै स्थानीय तहमा पुगेको जनाइएको हुँदा सबै स्थानीय तह, संघ संस्था, अभियन्ता तथा नागरिक समाजले सबै कृषकहरूलाई सोबारे जानकारी दिएर सबै पशु चौपायालाई खोप दिने वातावरण सहजीकरण गर्नुपर्ने देखिन्छ।

'लम्पी स्किन' सङ्क्रमणको जोखिम स्थानीय जातका गाईमा भन्दा उन्नत जातका धेरै दूध दिनेमा गाईमा देखिएकाले खोप अभियान चलाउनु ग्रामीण अर्थतन्त्रको



संरक्षण तथा कृषि कर्मको तल्लो तहमा रहनेहरूका हितमा छ। प्रदेश सरकारले ललितपुरमा १० हजार, धादिङमा ११ हजार, चितवनमा १० हजार, मकवानपुरमा पाँच हजार, सिन्धुलीमा १२ हजार, दोलखामा छ हजार, काभ्रेमा १४ हजार र नुवाकोटमा १२ हजार भाइल खोप पठाएको हुँदा सबै कृषकलाई जागरुक बनाएर खोप अभियान सफल पार्नु हामी सबैको कर्तव्य हो।

तराईको तुलनामा पहाडी जिल्लामा धेरै पशु संक्रमित भएको हुँदा पहाडी क्षेत्रमा रहेका पशुचौपायाहरूलाई जोगाउन विषेश पहल थाल्नुपर्ने देखिन्छ। 'लम्पी स्किन' का कारण दुध उत्पादनमा समेत प्रभावित बनेको हुँदा यो समस्या चाँडोभन्दा चाँडो नियन्त्रण गर्नेतफ ढिलासुस्ती नगरौं। यसमा स्थानीय सरकारले सूचना फैलाउने, सहजीकरण गर्ने काम गरोस् भन्ने अपेक्षा छ।

**केदार चापागाईं, बनेपा**

### कोशी प्रदेश र वैद्यखानाको सहकार्य



नेपालको प्राचीन उपाचरको पद्धतिको रूपमा रहेको आयुर्वेद चिकित्सा पद्धति हालको समयमा ओझेलमा परे पनि यसको पनि आफ्नै विषेशता र महत्त्व रहेको कुरा सर्वविदितै छ। हामीले आधुनिक समयमा रोगको पहिचान गर्न र त्यसको निदानका लागि एलोप्याथी उपचार पद्धतिमा लाग्नुलाई अन्यथा भन्न मिल्दैन। तर, केही केही रोग तथा हाम्रो शरीरलाई स्वस्थ्य राख्न आयुर्वेदको पनि ठूलो महत्व हुने भएकाले यसलाई पनि अंगाल्नुपर्ने हुन्छ। विशेषगरी आयुर्वेदिक औषधिहरूले शरीरमा कुनै प्रकारको साइडइफेक्ट नगर्ने हुँदा यो लाभकारी छ।

यसै सन्दर्भमा कोशी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले सिंहदरबार वैद्यखाना विकास समितिसँग सिधै २३ प्रकारका आयुर्वेदिक औषधी खरिद गर्ने गरी 'सरकारदेखि सरकार' (जी-टु-जी) सम्झौताप्रक्रिया अघि बढाउनु उदाहरणीय छ। ५४ प्रकारका आयुर्वेदिक औषधी उत्पादन गरिरहेको सरकारी स्वामित्वको वैद्यखानाबाट उत्पादित दुई करोड २० लाख रुपियाँ बराबरका औषधी कोशी सरकारले किन्दा वैद्यखानाको बजार सुनिश्चित हुने र खरिद प्रक्रियामा हुने अपारदर्शिता अन्त्य हुनेछ। सम्झौताअनुसार प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र संघीय ससर्त अनुदान समेतको बजेटबाट उक्त रकम बराबरको औषधी खरिद गरिने कामको सिको अरू प्रदेशले पनि गर्न सक्ने देखिन्छ। यसले स्थानीय उत्पादनको प्रवर्द्धन पनि हुनुका साथै सर्वसाधारणमा गुणस्तरीय औषधीको आपूर्ति पनि सुनिश्चित हुन्छ।

वैद्यखानाले पहिलोपटक यसरी प्रदेश सरकारसँग सिधै औषधी बिक्रीका लागि गरेको सम्झौता एउटा नयाँ थालनी त हुँदै हो, सरकारी संस्थानहरूको जगेर्नाको लागि कोशढुंगा पनि हो।

***चुडाराज मिश्र, तरहरा***

## जेन कथा

### रिस नियन्त्रण

एकजना जेन शिष्यले आफ्ना गुरुसँग भने, 'गुरुज्यू, म चाँडै रिसाउँछु। कृपा गरेर मलाई यसबाट मुक्त गरिदिनुहोस्।'

गुरुले भने, 'यो त बडो अचम्मको कुरा भयो। मलाई रिसाएर देखाऊ त।'

शिष्यले भन्यो, 'तपाईंका अघिल्तिर त म रिसाउन सक्तिनँ।'

'किन नि ?' गुरुले आश्चर्य हुँदै सोधे।

शिष्यले भन्यो, 'यो त अचानक हुन्छ।'

गुरुले जवाफमा भने, 'उसो भए रिसाउने तिम्रो प्रकृति होइन। रिसाउनु तिम्रो स्वभावको अंग हुन्थ्यो भने तिमी जुनबेला पनि रिसाएर देखाउन सक्ने थियौ। तिमी किन यस्तो चिजलाई आफैँमाथि हाबी हुन दिन्छौं, जबकि त्यो तिम्रो हुँदै होइन !'



गुरुको यो भनाइपछि शिष्यलाई जसै रिस उठ्न थाल्थ्यो, गुरुका शब्द सम्झेर रिस नै हराउँथ्यो। यसरी एउटा शिष्यले शान्त र संयमित व्यवहार जिउन थाल्यो।

***–अच्युत कोइराला***

**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ।**

*–सम्पादक*

# अमेरिका–रुस सम्बन्ध नयाँ मोडमा

दुई वर्षभन्दा बढी समयदेखि जारी द्वन्द्व रोक्न रुस र युक्रेनबीच दरिलो मध्यस्थताका लागि कोही उभिएको थिएन। अब भने अमेरिकाको पहलमा दुवै मुलुकबीच सम्भावित वार्ताको संकेत देखिन थालेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सक्रियतामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीबीच वार्ताको तयारी भइरहेको खबरले अन्तर्राष्ट्रिय राजनीतिको तापक्रम फेरिएको छ।

ट्रम्प-पुटिन अलास्का भेटपछि नयाँ चित्र अगाडि आएको थियो। ट्रम्पले जेलिन्स्कीलाई भेट्न बोलाएका थिए। जेलिन्स्कीले ट्रम्प र युरोपेली नेता हरुसँगको बैठकले राम्रो नतिजा दिएको र ट्रम्पसँगको अघिल्लो भेटमा जस्तो कुनै विवाद नभएको बताएका छन्। उनले सोमबारको भेटलाई 'न्यानो' भनेर प्रशंसा गरे।

पत्रकारले ओभल अफिसमा देखिएको युक्रेन र रुसको नक्साबारे प्रश्न गर्दा जेलिन्स्कीले भने, 'म त्यो नक्सामा भएको कुराका निम्ति लडिरहेको छु।' उनले ट्रम्पले देखाएको नक्सा कसले के नियन्त्रण गर्छ भन्ने हिसाबले सही नभएको संकेत गरे।

जेलिन्स्कीले सुरक्षा ग्यारेन्टी मुख्य विषय भएको र यो युद्ध अन्त्यका निम्ति आवश्यक सुरुआत बिन्दु हुने बताए। अमेरिका पनि ग्यारेन्टी प्रदान गर्ने देशमा समावेश हुने उनको भनाइ थियो।

जेलिन्स्कीले ट्रम्पले त्रिपक्षीय बैठकलाई समर्थन गरेको र यसले आफूलाई पुटिनसँग आमने-सामने ल्याउने बताए। पुटिनले हालसम्म जेलिन्स्कीसँग प्रत्यक्ष भेटघाट गर्न अस्वीकार गर्दै आएका छन्।

उनले ट्रम्पसँगको बैठकमा त्रिपक्षीय बैठकको तयारी पक्का भएको तर रुसले अमेरिकी राष्ट्रपतिलाई द्विपक्षीय प्रस्ताव गरेको भए आफूले नतिजा हेर्ने बताए। 'हामीले राष्ट्रपतिसँगको यो फलदायी बैठकपछि युक्रेन र रुसबीच वार्ता जारी रहने कुरा पक्का गरेका छौं,' उनले भने, 'युक्रेन शान्तिको बाटोबाट कहिल्यै पछि हट्ने छैन।'

**ट्रम्पको शैली : द्वन्द्वको बीचमा संवाद**

राष्ट्रपति ट्रम्प विवादास्पद तर परिणाममुखी कूटनीतिक शैलीका लागि चिनिएका छन्। उत्तर कोरियासँगको वार्ता होस् वा नाटोमाथिको आक्रोश, ट्रम्पले आफ्नो अनौपचारिक र प्रत्यक्ष शैलीले नयाँ मोड ल्याएका छन्। अब पुटिन-जेलेन्स्की वार्ताको सम्भावित थालनीले उनको कूटनीतिक प्रभाव अझै समाप्त नभएको संकेत गरेको छ। उनले हालैको एक अन्तर्वार्तामा भनेका थिए, 'वार्ता नै मात्र विकल्प हो, युद्ध अन्त्य गर्न यही बाटो अपनाउनुपर्छ।'



**पुटिन–जेलेन्स्की भेट्ने पक्का : जर्मन चान्सलर मर्ज**

जर्मन चान्सलर फ्रेडरिक मर्जले पुटिनलाई युक्रेनी समकक्षीसँग वार्ताका लागि सहमत गराउने श्रेय ट्रम्पलाई दिएका छन्। मर्जका अनुसार, 'पुटिन र ट्रम्पबीच भएको फोनवार्तामा आगामी दुई हप्ताभित्र पुटिन-जेलेन्स्कीबीच बैठक गर्ने सहमति भएको छ।' यद्यपि उक्त बैठक कहाँ र कहिले हुने भन्ने अझै टुंगो लागेको छैन।

जर्मन चान्सलर मर्जले राष्ट्रपति ट्रम्पको पहललाई ऐतिहासिक प्रयासको संज्ञा दिएका छन्। 'ट्रम्पले जेलेन्स्की-पुटिन वार्ताका ढोका खोलिदिनुभएको छ,' उनले भने, 'अब यो कुरामा ध्यान दिनुपर्छ कि पुटिनसँग त्यस्तो शिखर वार्तामा भाग लिने राजनीतिक साहस छ कि छैन।'

उनले पुटिनलाई सहमत गराउन अझै पनि अन्तर्राष्ट्रिय समुदायको भूमिका आवश्यक रहेको बताए। 'हामीले अझै पनि पुटिनलाई सम्झाउन, बुझाउन, अनि तयार पार्नुपर्नेछ,' मर्जले थपे।

**ट्रम्प व्यावहारिक शान्तिदूत : नेटो प्रमुख**

नेटो महासचिव मार्क रुटेले ट्रम्पसँगको बैठकलाई धेरै सफल भन्दै फक्स न्यूजमा ट्रम्पलाई व्यावहारिक शान्तिदूतको संज्ञा दिए। 'उनी दबाब दिइरहेका छन्, समाधानका निम्ति बाटो पनि खोजिरहेका छन्,' रुटेले भने।

उनले पुटिनसँग संवादको ढोका खोल्नु महत्त्वपूर्ण भएको र रुस, अमेरिका तथा युक्रेनबीच त्रिपक्षीय बैठकका निम्ति काम भइरहेको बताए।

**युक्रेन र युरोपको अपेक्षा : सुरक्षा ग्यारेन्टी र समर्थन**

युक्रेन र युरोपेली राष्ट्रहरूको मुख्य चासो भनेको दीर्घकालीन सुरक्षा ग्यारेन्टी हो। जर्मन चान्सलर मर्जले युरोपेली एकता र समर्थनको संकेत दिँदै भने, 'अहिलेको वार्ता प्रक्रिया अमेरिकी-युरोपेली समन्वयमा अघि बढ्नुपर्छ, जसले युक्रेनको सुरक्षा दीर्घकालीन रूपमा सुनिश्चित गर्न सकोस्।'

मर्ज युरोपेली नेताहरूको एक प्रतिनिधिमण्डलसहित वासिङ्टन पुगेका थिए। उक्त टोलीले युक्रेनी राष्ट्रपतिप्रति समर्थन जनाउँदै अमेरिकी प्रशासनसँग उच्चस्तरीय बैठकहरू गरेको थियो। मर्जले पत्रकारहरूसँग भने, 'ट्रम्पले आगामी चरणमा त्रिपक्षीय वार्ताका लागि पनि सहमति जनाइसक्नुभएको छ, जसले वार्ताको औपचारिक बाटो खोल्नेछ।'

**रुसको सोचमा परिवर्तन कि रणनीतिक चाल ?**

पुटिन वार्ताका लागि सहमत भएका खबरहरू बाहिरिए पनि त्यो इच्छाले हो कि रणनीतिक चाल भन्नेबारे विश्लेषकहरू विभाजित छन्। रुसले हाल युद्धक्षेत्रमा केही स्थानहरूमा दबाब महसुस गरिरहेको छ भने पश्चिमी प्रतिबन्धहरूको असर पनि देखिन थालेको छ।

राजनीतिक विश्लेषकहरू भन्छन्, 'पुटिनले वार्ताको संकेत दिए पनि त्यो स्थायी शान्तिका लागि हो भन्ने ग्यारेन्टी छैन। सम्भवतः यो थप समय लिन र अन्तर्राष्ट्रिय दबाब कम गर्न गरिएको कूटनीतिक कदम हो।'

**सम्बन्धमा नयाँ अध्याय**

संसारका दुई महाशक्ति अमेरिका-रुस सम्बन्ध लामो समयदेखि अविश्वास र तनावमा आधारित छ। तर यो सम्भावित वार्ताले सम्बन्धमा नयाँपन ल्याउँछ कि स्थायी तनावको अर्को अध्याय सुरु हुन्छ भन्ने कुरा आगामी हप्ताहरूको घटनाक्रममा निर्भर रहनेछ।

पुटिन-जेलेन्स्की वार्ताको सम्भावित तयारी र ट्रम्पको पहलले अमेरिका-रुस सम्बन्धमा नयाँ अध्याय सुरु गर्ने संकेत दिएको छ। यद्यपि शान्तिको ढोका खुल्न लागेकै हो भन्ने निष्कर्ष निकाल्न अझै समय लाग्नेछ। वार्ता सफल भएमा यो ट्रम्पको महत्त्वपूर्ण कूटनीतिक उपलब्धि बन्न सक्छ र असफल भएमा स्थिति झनै जटिल बन्न सक्छ।

# अमेरिकाले गर्‍यो ६ हजारभन्दा बढी भिसा रद्द



**एजेन्सी, भदौ ३**

अमेरिकी विदेश मन्त्रालयले यो वर्ष ६ हजारभन्दा बढी विद्यार्थी भिसा खारेज गरेको जनाएको छ। ट्रम्प प्रशासनको कडा नीतिका कारण हजारौं अन्तर्राष्ट्रिय विद्यार्थीहरू अमेरिका बाहिरिन बाध्य भएका छन्।

विदेश मन्त्रालयका अनुसार, तीमध्ये करिब चार हजार भिसा विभिन्न कानूनी उल्लंघनका कारण खारेज गरिएको हो। यीमध्ये झण्डै तीन सय भिसा आतंकवादसम्बन्धी गतिविधिका कारण रद्द गरिएका छन्। अब भिसा रद्द गरिएका ती व्यक्तिहरूलाई अमेरिका प्रवेश गर्न अयोग्य बनाएको छ।

**प्रदर्शनमा सहभागी विद्यार्थी निशानामा**

प्रशासनले विशेषगरी गाजा युद्धविरुद्ध प्रदर्शनमा सहभागी भएका विद्यार्थीलाई निशाना बनाएको आरोप लागेको छ। अमेरिकी अधिकारीहरूले ती विद्यार्थीमाथि यहुदीविरोधी व्यवहार र आतंकवादी गतिविधिको समर्थन गरेको आरोप लगाएका छन्।

विदेशमन्त्री मार्को रुबियोले ट्रम्प प्रशासनको कठोर विद्यार्थी भिसा नीतिको कडा समर्थन गरेका छन्। 'विद्यार्थी भिसा कुनै संवैधानिक अधिकार होइन,' रुबियोले ईडब्ल्यूटीएनसँगको अन्तर्वार्तामा भने, 'यदि कसैले भिसा लिएपछि कानून उल्लंघन गर्छ भने त्यो भिसा खारेज गर्नु हाम्रो अधिकार हो।'

**अन्तर्राष्ट्रिय भर्नामा भारी कटौती र अर्थतन्त्रमा भारी असर**

सीएनएनका अनुसार, यो वर्ष अमेरिकाले अहिलेसम्म करिब ४ लाख एफ-१ विद्यार्थी भिसा जारी गरिसकेको छ। तर, नयाँ नियुक्तिहरू निलम्बन र थप जाँच प्रक्रियाका कारण आगामी महिनाहरूमा भिसा संख्या घट्ने अनुमान गरिएको छ।

एसोसिएसन अफ इन्टरनेशनल एजुकेटर्स (नाफसा) र जेबी इन्टरनेशनलको विश्लेषणअनुसार, आगामी क्यालेण्डर बर्षमा अन्तर्राष्ट्रिय विद्यार्थी भर्नामा ३०-४० प्रतिशतसम्म गिरावट आउनेछ। यसले समग्र भर्नामा १५ प्रतिशतसम्म कमी ल्याउने सम्भावना छ।

विद्यार्थी संख्यामा गिरावटले अमेरिकाको स्थानीय अर्थतन्त्रमा ठूलो असर पार्ने देखिन्छ। नाफसाले जनाए अनुसार, 'विदेशी विद्यार्थीहरू घट्दा अमेरिकी अर्थतन्त्रमा ७ अर्ब डलरको घाटा हुनेछ र झण्डै ६० हजार रोजगारी समाप्त हुनेछ।'

यदि जुलाई र अगस्ट महिनामा भिसा वितरणमा उल्लेखनीय सुधार नआएमा, यो शैक्षिक वर्षमा अमेरिका भित्रिने अन्तर्राष्ट्रिय विद्यार्थीको संख्या १ लाख ५० हजारभन्दा कम हुन सक्ने चेतावनी विश्लेषकहरूले दिएका छन्।

# मोदी चीन भ्रमणमा जाने

**एजेन्सी, भदौ ३**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी यही अगस्ट ३१ मा चीनको तियानजिन शहरमा आयोजना हुने सांघाई सहयोग संगठन (एससीओ) शिखर सम्मेलनमा सहभागी हुन चीन जाने भएका छन्। सन् २०१८ यता मोदीको यो पहिलो चीन भ्रमण हुनेछ।

मोदीको भ्रमणको जानकारी भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोभालले नयाँदिल्लीमा मंगलबार चीनका विदेशमन्त्री वाङ यीसँगको भेटवार्तामा दिएका हुन्। डोभालले भ्रमणले भारत-चीन कूटनीतिक सम्बन्धमा नयाँ ऊर्जा थप्ने विश्वास व्यक्त गरे।



चीनले प्रधानमन्त्री मोदीको सहभागितालाई विशेष महत्त्व दिएको जनाएको छ। वाङ यीले भने, 'स्वस्थ र स्थिर भारत-चीन सम्बन्ध दुवै देशको मौलिक र दीर्घकालीन हितमा पर्छ भन्ने कुरा इतिहासले प्रमाणित गरिसकेको छ।' प्रधानमन्त्री मोदी र सीबीच प्रत्यक्ष द्विपक्षीय भेटवार्ताको कार्यक्रम पनि तय भएको छ।

भारत र चीनबीच सन् २०२० मा गलवान उपत्यकामा भएको सीमा झडपपछि द्विपक्षीय सम्बन्धमा चिसोपना आएको थियो। यद्यपि पछिल्लो समय दुवै पक्ष सम्बन्ध सुधार गर्न इच्छुक देखिएका छन्।

भारत हाल क्वाड सुरक्षा गठबन्धनको सदस्य भएपनि चीनसँगको सम्बन्धलाई सन्तुलितरूपमा अघि बढाउने नीति भारतले लिएको देखिन्छ।

चीनका विदेशमन्त्री वाङ यीले सोमबार भारतका विदेशमन्त्री एस जयशंकरसँग भएको भेटमा भने, 'हामी एकअर्कालाई विरोधी होइन, साझेदार र अवसरका रूपमा हेर्नुपर्छ।'

प्रधानमन्त्री मोदीको यो भ्रमणले भारत-चीन सम्बन्धमा नयाँ अध्याय सुरु गर्ने सम्भावना रहेको विश्लेषण गरिएको छ। क्षेत्रीय स्थायित्व, व्यापार, र बहुपक्षीय सहयोगका दृष्टिले पनि भ्रमण रणनीतिकरूपमा महत्त्वपूर्ण मानिएको छ।

# गाजामा खाद्यान्न अभाव, मृत्यु बढ्दो

**एजेन्सी, भदौ ३**

संयुक्त राष्ट्रसंघसँग आबद्ध मानवीय संस्थाहरूले गाजा क्षेत्रमा इजरायलले शरण निषेध हटाउने निर्णयलाई सकारात्मक कदमका रूपमा स्वागत गरेका छन्। यद्यपि, उनीहरूले भावी सैन्य कारबाहीको तयारीले पहिले नै कठिन परिस्थितिमा जीवनयापन गरिरहेका जनताको स्थिति झनै संकटपूर्ण बन्न सक्ने गम्भीर चिन्ता पनि व्यक्त गरेका छन्।

मानवीय मामिलाको समन्वय गर्ने कार्यालयका अनुसार, गाजा सहरमा सैन्य गतिविधि तीव्र पार्ने योजना बनिरहेको छ। यसले हजारौं मानिसहरूलाई पुनः विस्थापित हुने अवस्था ल्याउनेछ। ती विस्थापितहरू गाजाको दक्षिणी भागतर्फ धकेलिनेछन्, जहाँ अहिले पनि खानेपानी, औषधोपचार र खाद्यान्नजस्ता अत्यावश्यक सेवाहरू अत्यन्तै न्यून छन्।

गत मे महिनादेखि लागू गरिएको शरण निषेधका कारण करिब ७ लाख ८० हजारभन्दा बढी व्यक्तिहरू एकपटक होइन, पटक-पटक आफ्ना घरबार गुमाउँदै आएका छन्। अहिले पनि लाखौं मानिस अस्थायी शिविरहरूमा कष्टकर जीवन बिताउन बाध्य छन्।

मानवतावादी संस्थाहरूका अनुमानअनुसार हाल करिब १३ लाख ५० हजार मानिसलाई आपतकालीन आवासको आवश्यकता छ, भने झण्डै १४ लाखलाई खाना पकाउने सामग्री, ओछ्यान, नुहाउने सुविधालगायत अत्यावश्यक घरेलु सामग्रीहरू चाहिएको छ।

ओसीएचएका अनुसार, गाजामा चरम खाद्य अभावका कारण मृत्युको दर दिनप्रतिदिन बढ्दो छ। पछिल्लो २४ घण्टामा मात्र कुपोषण र भोकका कारण दुई बालबालिका सहित पाँचजनाको मृत्यु भएको पुष्टि गरिएको छ।

विश्व खाद्य कार्यक्रमले सम्भव भएसम्मका सबै उपायहरू प्रयोग गरेर खाद्यान्न आपूर्ति गरिरहेको जनाएको छ। तर हालको मागको तुलनामा सहायता निकै कम भएको र दिगो समाधान आवश्यक रहेको संस्थाले जनाएको छ।

ओसीएचएले यदि समयमै, सुरक्षित र स्थायीरूपमा मानवीय सहायता पुर्‍याउने व्यवस्था भएन भने यस्तो संकट अझ भयावह बन्न सक्ने चेतावनी दिएको छ। नागरिकहरूको जीवन र अधिकार सुनिश्चित गर्न सहयोगको पहुँच सहज र सुरक्षित हुनुपर्छ।

मानवतावादी निकायहरूले दोहोर्‍याएर भनेका छन्, 'हामी सबै नागरिकहरूसम्म सहायता पुर्‍याउने प्रतिबद्धता जनाउँछौं। जो जहाँ बस्न चाहन्छन्, त्यहीं बस्न पाउने अधिकार सबैलाई हुनुपर्छ। साथै, जो फर्कन चाहन्छन्, उनीहरूका लागि सुरक्षितरूपमा फर्कन पाउने वातावरण पनि बनाइनुपर्छ।'

# हिउँ पग्लिने दर उच्च, संसारलाई खतराको घण्टी

**एजेन्सी, भदौ ३**

इटलीको उत्तरी भागमा रहेको प्रसिद्ध भेन्टिना हिमनदी जलवायु परिवर्तनका कारण यति धेरै पग्लिएको छ कि अब वैज्ञानिकहरूले यसलाई पुरानोजस्तै तरिकाले प्रत्यक्षरूपमा मापन गर्न सक्ने अवस्था छैन।

सन् १८९५ देखि हरेक वर्ष खम्बा (स्टेक) गाडेर मापन गरिँदै आएको यो हिमनदी हाल ठूलो चट्टान र भग्नावशेषले ढाकिएपछि वैज्ञानिकहरूको लागि प्रत्यक्ष अवलोकन पनि जोखिमपूर्ण बनाएको छ। अब लोम्बार्डी ग्लेसियोलोजिकल सर्भिसले ड्रोन र रिमोट सेन्सिङ प्रविधिको प्रयोग गरेर हिमनदीको अवस्था मापन गर्ने भएको छ।

**पछिल्ला तीन वर्षमै पग्लियो आधा भाग**

वैज्ञानिकहरूका अनुसार भेन्टिना हिमनदीले १३० वर्षको



अवधिमा झण्डै १.७ किलोमिटर लम्बाइ गुमाइसकेको छ। पछिल्ला १० वर्षमै ४३१ मिटर पग्लिएको छ, जसको लगभग आधा मात्र सन् २०२१ यताकै समयमै हराएको हो।

यो अवस्थालाई वैज्ञानिकहरूले जलवायु परिवर्तनको स्पष्ट संकेत बताएका छन्। उनीहरूका अनुसार पछिल्ला ४० वर्षमा तापक्रमको असामान्य वृद्धि र हिउँपातको कमीले हिमनदीहरूको सन्तुलन भत्किएको छ।

**'अबको गर्मीले जाडोको हिउँ जोगाउन सक्दैन'**

लोम्बार्डी सर्भिसका सदस्य आन्द्रेआ टोफालेत्तीका अनुसार, 'पहिले हामीले अनुमान गरेजस्तै सामान्य चक्रमा हिमनदी मौसम अनुसार आफ्नै स्वरूपमा फर्किन्छ भन्ने आशा थियो। तर, पछिल्ला दशकहरूमा स्थिति धेरै बिग्रिएको छ।'

उनका अनुसार, गर्मीमा केही हिउँ पग्लनु सामान्य हो, तर अहिलेको गर्मी यति बढी छ कि जाडो मौसमका लागि बाँकी हिउँ पनि बचेको छैन्। 'हिमनदी सन्तुलनमा राख्न जाडोयामपछि केही हिउँ सतहमा बाँकी रहनुपर्छ, तर यस्तो अवस्था अब कम देखिन थालेको छ।' टोफालेत्तीले भने

**आल्प्स क्षेत्रमा विश्व औसतभन्दा दोब्बर तापमान वृद्धि**

लोम्बार्डी सर्भिसका अनुसार, आल्प्स क्षेत्र जलवायु परिवर्तनको 'हटस्पट' हो। यहाँ तापमान वृद्धि विश्व औसतको दोब्बर दरमा भइरहेको छ। यसको असरस्वरूप अल्पाइन क्षेत्रमा रहेका हिमनदीहरूको ६४ प्रतिशतभन्दा बढी भाग हराइसकेको छ।

**विश्वभरि हिमनदी पग्लिने दर बढ्दो**

सन् २०२४ को फेब्रुअरीमा वैज्ञानिक जर्नल नेचरमा प्रकाशित एक अध्ययन अनुसार, सन् २००० देखि २०११ सम्म विश्वका हिमनदीहरूले हरेक वर्ष औसत २५५ अर्ब टन बरफ गुमाएका थिए। यो दर सन् २०११ पछि बढेर ३४६ अर्ब टन पुगेको छ।

भेन्टिना हिमनदीको अवस्था जलवायु परिवर्तनले ल्याएको गम्भीर असरको एउटा प्रत्यक्ष उदाहरण हो। यदि यस्ता हिमनदीहरू जोगाउने उपाय तत्काल नअपनाइए यो संकटले भविष्यमा जल स्रोत, वातावरण, र मानव जीवनमा गहिरो प्रभाव पार्ने वैज्ञानिकहरूले चेतावनी दिएका छन्।

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

## कर्जा सुरक्षण बापतको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८२/०५/०४

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, व्याज, हर्जान व्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्घंन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखित तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैंतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज लगायतका अन्य दै-दस्तुरहरु नबुझाएमा प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको का.जि.का.म.न.पा. वडा नं. १ हात्तीसार स्थित प्रधान कार्यालयमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने व्यहोरा ऋणी तथा सम्बन्धित व्यक्ति समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरणः
१. नामः गोकुल श्रेष्ठ, ठेगानाः सुनसरी जिल्ला धरान न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५, हाँडीगाँउ बस्ने, बाबुः नर बहादुर श्रेष्ठ, बाजेः धन कृष्ण श्रेष्ठ, ना.प्र.नं.: ३९९(क)/१७०२, जारी मितिः २०३४/११/२० जि.प्र.का. सुनसरी, कर्जाः आवास

सुरक्षण बापत धितोको विवरणः
धनकृष्ण श्रेष्ठको नाति, नर बहादुर श्रेष्ठको छोरा, सुनसरी जिल्ला धरान न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ हाँडीगाँउ बस्ने बस्ने गोकुल श्रेष्ठको नाममा मालपोत कार्यालय पर्सामा एकलौटी दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला प्रसौनी बिर्ता न.पा. वडा नं. ९ सिट नं. ११३०२३१ को कित्ता नं. ११९ को क्षेत्रफलः ४६५.३५ व.मि.को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।

व्यक्तिगत जमानीकर्ताः
नामः एलिस्टीना श्रेष्ठ, ठेगानाः सुनसरी जिल्ला धरान न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ हाँडीगाँउ बस्ने, बाबुः गोकुल श्रेष्ठ, बाजेः नर बहादुर श्रेष्ठ ना.प्र.नं.: २६६५३/४१०३/०४४, जारी मितिः २०६२/०१/१९ जि.प्र.का. सुनसरी
नामः जिनस श्रेष्ठ, ठेगानाः सुनसरी जिल्ला धरान न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ हाडीगाँउ बस्ने, बाबुः गोकुल श्रेष्ठ, बाजेः नर बहादुर श्रेष्ठ, ना.प्र.नं.: ०६/३७४५१/०६४/६५, जारी मितिः २०६५/०३/०९ जि.प्र.का. सुनसरी

ऋणीको विवरणः
२. नामः जिनस श्रेष्ठ, ठेगानाः सुनसरी जिल्ला धरान न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ हाडीगाँउ बस्ने, बाबुः गोकुल श्रेष्ठ, बाजेः नर बहादुर श्रेष्ठ, ना.प्र.नं.: ०६/३७४५१/०६४/६५, जारी मितिः २०६५/०३/०९ जि.प्र.का. सुनसरी, कर्जाः पेशागत

व्यक्तिगत जमानीकर्ताः
नामः एलिस्टीना श्रेष्ठ, ठेगानाः सुनसरी जिल्ला धरान न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ हाँडीगाँउ बस्ने, बाबुः गोकुल श्रेष्ठ, बाजेः नर बहादुर श्रेष्ठ ना.प्र.नं.: २६६५३/४१०३/०४४, जारी मितिः २०६२/०१/१९ जि.प्र.का. सुनसरी
नामः गोकुल श्रेष्ठ, ठेगानाः सुनसरी जिल्ला धरान न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ हाँडीगाँउ बस्ने, बाबुः नर बहादुर श्रेष्ठ, बाजेः धन कृष्ण श्रेष्ठ, ना.प्र.नं.: ३९९(क)/१७०२ जारी मितिः २०३४/११/२० जि.प्र.का. सुनसरी

**लिलामी बिक्री सम्बन्धी शर्तहरुः**

- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र प्राप्त भई सक्नु पर्नेछ । सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुने छैन । उल्लेखित समय भित्र प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा (सो दिनमा विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा खोलिने छ ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागरिकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरी आफुले सो अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं. १८०८००००००००००१००४ Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Pyament चेक जम्मा गर्नु पर्नेछ । उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ । धरौटी रकम फिर्ता गरिँदा धरौटी रकमको व्याज दिईने छैन ।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने व्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो अचल सम्पत्ति बिक्री गरिनेछ ।
- लिलाम बिक्री हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पुर्ण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ । सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ । तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा सम्पर्क राख्न सक्नुहुनेछ ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने व्यहोरा समेत सूचित गरिन्छ ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा सम्पर्क राख्न सक्नु हुनेछ ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

# एक महिनामा २४ अर्ब १० करोडको वैदेशिक लगानी स्वीकृत

**काठमाडौं, भदौ ३**

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना साउनमा उद्योग विभागले २४ अर्ब १० करोड ४९ लाख ९५ हजार रुपैयाँ बराबरको विदेशी लगानी स्वीकृत गरेको छ। यो लगानी स्वीकृत एक सय २७ वटा परियोजना स्थापना गर्नका लागि भएको विभागले जनाएको छ। यी परियोजनाका लागि लगानी नेपाल भित्रियो भने आठ हजार २६८ जनाले रोजगारी पाउनेछन्।

नेपालमा लगानी गर्न चाहने विदेशी व्यक्ति वा कम्पनीले उद्योग विभाग वा लगानी बोर्डमा निवेदन दिनुपर्छ। लगानीकर्ताले आफ्नो लगानी योजना, पुँजीको स्रोत, क्षेत्र र प्राविधिक विवरणसहित निवेदन दर्ता गर्नुपर्छ। त्यसपछि नियमअनुसार ती निकायले लगानी स्वीकृत गर्छन्। सानो र मध्यम आकारको लगानी उद्योग विभागमार्फत स्वीकृत हुन्छ भने ठूला र रणनीतिक परियोजनाहरू लगानी बोर्डमार्फत स्वीकृत हुन्छन्।

उद्योग विभागले लगानी स्वीकृत गरेपछि तोकिएको रकम नेपाल ल्याउन लगानीकर्ताले लिखित प्रतिबद्धता गर्नुपर्छ। त्यसैलाई वैदेशिक लगानी प्रतिबद्धता भनिन्छ। तथ्यांकअनुसार अहिलेसम्म विभागले ६ खर्ब ७५ अर्ब ५२ करोड ७१ लाख रुपैयाँ बराबरको वैदेशिक लगानी स्वीकृत गरेको छ। यो लगानी ७ हजार ३६६ वटा उद्योग स्थापनाका लागि स्वीकृत भएको हो।

नेपालमा उत्पादन, उर्जा, कृषि, पर्यटन पुर्वाधार, सूचना-प्रविधि, खनिज र सेवा क्षेत्रका परियोजनाका लागि वैदेशिक लगानी आउने गरेको छ। विभागले पनि परियोजनाको प्रकृति हेरेर लगानी स्वीकृत गर्दै आएको छ। उद्योग विभागले एक सय २५ वटा साना र दुईवटा ठूला परियोजनामा विदेशी लगानी स्वीकृत गरेको हो।



**उद्योग विभागले २०८२ साउनमा स्वीकृत गरेको वैदेशिक लगानी**

| उद्योग क्षेत्र | परियोजना संख्या | लगानी स्वीकृत |
|---|---|---|
| उत्पादनमूलक | ३ | १५ करोड ५० लाख |
| ऊर्जामूलक | १ | १८ करोड ४२ लाख |
| कृषिमूलक | ३ | २० अर्ब ४ करोड ५५लाख |
| पर्यटनमूलक | ४१ | ३ अर्ब २ करोड |
| खनिज | ० | - |
| सेवामूलक | ८ | ३३ करोड ५० लाख |
| पूर्वाधारमूलक | ० | - |
| सूचना-प्रविधिमूलक | ७१ | ३६ करोड ५२ लाख |
| कुल | १२७ | २४ अर्ब १० करोड ४९ लाख |

**कृषिमा २० अर्बभन्दा बढी**

विभागले स्वीकृत गरेको लगानीमध्ये सबैभन्दा धेरै कृषि क्षेत्रका लागि छ। कृषिसम्बन्धी तीनवटा परियोजनाका लागि २० अर्ब ४ करोड ५५ लाख रुपैयाँ बराबरको लगानी स्वीकृत गरेको हो। पर्यटन क्षेत्रको स्वीकृत भएको लगानी कृषिपछि धेरै छ। विभागले ४१ वटा पर्यटनसँग सम्बन्धित परियोजनाका लागि तीन अर्ब २० करोड रुपैयाँको लगानी स्वीकृत गरेको छ।

सूचना-प्रविधि क्षेत्रमा सबैभन्दा धेरै ७१ वटा परियोजनाका लागि लगानी स्वीकृत भएको छ। तर लगानी रकम ३६ करोड ५२ लाख ४५ हजार रुपैयाँ मात्रै छ। त्यसपछि सेवामूलक क्षेत्रका आठ परियोजनाका लागि ३३ करोड ५० लाख रुपैयाँ, ऊर्जामूलक क्षेत्रको एउटा परियोजनाका लागि १८ करोड ४२ लाख रुपैयाँ र उत्पादनमूलक क्षेत्रका तीनवटा परियोजनाका लागि १५ करोड ५० लाख रुपैयाँ लगानी स्वीकृत गरिएको विभागले जनाएको छ। साउन महिनामा खानी र पूर्वाधार क्षेत्रमा कुनै पनि विदेशी लगानी स्वीकृत भएको छैन।

**लगानी प्रतिबद्धता न्यून**

उद्योग विभागले हरेक वर्ष सयौं परियोजनामा वैदेशिक लगानी स्वीकृत गर्दै आएको छ। तर स्वीकृत भएको सबै लगानी भने भित्रिएको देखिँदैन। अर्थतन्त्रको क्षमता, बजारको सम्भावना र नीतिगत स्थिरता न्यून हुँदा नेपालमा स्वीकृत भएको लगानीसमेत आउन नसकेको सरोकारवालाहरू बताउँछन्।

**वैदेशिक लगानीको सम्भावना**

नेपालको उत्पादन भारत र चीनको बजारमा पठाउन सक्ने हो भने विदेशी लगानी भित्र्याउन सहज हुन्छ। अन्य मुलुकको तुलनामा नेपालमा श्रमशक्ति सस्तो छ। यसले उत्पादन खर्च घटाउन मद्दत गर्छ। यस्तै, नेपालमा जलविद्युत्, पर्यटन, कृषि, जडिबुटीजस्ता क्षेत्रमा ठूलो सम्भावना छ। यी क्षेत्रमा विदेशी लगानीकर्ताहरू लगानी गर्न आकर्षित हुन सक्छन्। तर सरकारले वैदेशिक लगानीलाई प्रोत्साहन गर्न कर छुट, भन्सार सहुलियत, नाफा बाहिर लैजाने सुविधालाई थप सहज बनाउँदै लैजानुपर्ने देखिन्छ।

### नाडा अटो शो

# रोबोट र उड्ने कार हेर्नेको भीड

काठमाडौं। अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) ले आयोजना गरेको १७ औं संस्करणको नाडा अटो शो २०२५ काठमाडौंको भृकुटीमण्डपमा सुरु भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार उद्घाटन गरेपछि यो वर्षको नाडा अटो शो औपचारिकरूपमा सुरु भएको हो।

'गो फर मोर' नारा तय गरिएको शोको पहिलो दिन नै अटो शोमा अवलोकनकर्ताको भीड उर्लिएको छ। विशेषगरी अटो शोकै मुख्य आकर्षणका रूपमा रहेको उड्ने कार र युनिट्री रोबोट्स हेर्नेको भीड लागेको छ। डिपलको उड्ने कार मोरङ अटो वर्क्स (एमएडब्ल्यू) ले चीनबाट अटो शोमा प्रदर्शनका लागि ल्याएको हो।

अटो शोमा चार पांग्रे, तीन पांग्रे, दुई पांग्रे, हलुका व्यावसायिक सवारी साधन हेर्न तथा बुझ्न आउनेहरूको भीड देखिएको छ। सार्थ स्वदेशमै उत्पादित लुव्रिकेन्ट, हेलमेट, स्पेयर्स पार्टस् गरी ७५ वटा भन्दा बढी स्टल राखिएका छन्। सवारी साधनका मात्रै ३० वटा स्टल छन्।





**'मलाई पनि प्रधानमन्त्रीको पद ओगटेर बसिरहन मन छैन,' उनले भने, 'कोही नेतृत्व लिन आउँछ भने सक्षम युवाका लागि म प्रधानमन्त्री पद त्याग्न पनि तयार छु'**

**अटो मोबाइल्सको भविष्य उज्जवल छ : प्रधानमन्त्री ओली**

काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा अटोमोबाइल्सको भविष्य उज्वल रहेको बताएका छन्। राजधानीको भृकुटीमण्डपमा सुरु भएको नाडा अटो शो २०२५ को मंगलबार उद्घाटन गर्दै ओलीले सो बताएका हुन्।

अबको युग प्रविधिको युग भएकाले नेपालले पनि यसमा फड्को मारिरहेको प्रधानमन्त्रीको भनाइ थियो। उनले नेपालको अटो मोबाइल्स क्षेत्रलाई युवापिढीले हाँकिरहेको बताउँदै नाडाको नेतृत्वमा पनि युवा हुनुले यो क्षेत्रले अझै प्रगति गर्ने आशा व्यक्त गरे।

अब पेट्रोलियम सवारीभन्दा विद्युतीय सवारी तथा ग्रीन हाइड्रोजनबाट चल्ने सवारीको प्रवर्द्धनमा लाग्नुपर्ने प्रधानमन्त्रीले बताए। उनले अटो मोबाइल्स क्षेत्रको प्रवर्द्धन गर्न सरकारले नीतिगत सहयोग गरिरहेको बताए। 'चालू आर्थिक वर्षको बजेटले पनि अटोमोबाइल्स क्षेत्रलाई सम्बोधन गरेको छ,' उनले भने, 'मौद्रिक नीति पनि अटो क्षेत्रमैत्री आएको छ। त्यसकारण पनि अब व्यावसायीले निरास हनुपर्ने आवश्यकता छैन।'

उनले अहिले गाडी तथा तिनको पाटपूर्जा आयात गरेर बिक्री गर्ने कार्य भइरहे पनि भविष्यमा देशभित्रै फलाम तथा स्टिल उद्योग स्थापना गर्नुपर्नेमा जोड दिए। सरकारले स्टार्टअप, इनोभेसन र उत्पादनलाई सधैं प्रोत्साहन गर्दै आएको बताउँदै उनले युवालाई जिम्मेवारी दिएर अगाडि बढाउनुपर्ने बताए।

'मलाई पनि प्रधानमन्त्रीको पद ओगटेर बसिरहन मन छैन,' उनले भने, 'कोही नेतृत्व लिन आउँछ भने सक्षम युवाका लागि म प्रधानमन्त्री पद त्याग्न पनि तयार छु।' उनले सवारी साधनको संख्या थपिँदै जाँदा पूर्वाधार विकास र विस्तार कार्यलाई प्राथमिकतामा राखेर सडक पूर्वाधार पनि राम्रो हुँदै जाने उनको भनाइ छ।

नेपाली युवामा प्रविधिप्रतिको चेतना बढ्दै गएकाले अहिले विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले पनि मोटरसाइकल बनाउन थालिसकेको र यो देशकै लागि गर्वको कुरा भएको पनि उनले बताए। नाडाका अध्यक्ष करण चौधरीले देशको युवा जनशक्ति विदेश पलायन हुने क्रम नरोकिएकाले यो जनशक्तिलाई रोक्न सरकारले पहल गर्नुपर्नेमा जोड दिए। उनले पलायन भइरहेको जनशक्तिलाई रोक्न नाडाले सीप विकास गरी रोजगारीको अवसर दिने कार्यक्रमका लागि श्रम मन्त्रालयसँग सम्झौता भइसकेको बताए।

नाडा अटो शो सवारी-साधनको प्रदर्शनीमात्र नभई व्यावसायिक थलो भएको पनि चौधरीले बताए। सवारी साधनको कुल बिक्रीमध्ये ४० प्रतिशत नाडा अटो शोबाट नै बिक्री हुने गरेको उनको भनाइ छ। सवारी-साधनको एसेम्बलिङका लागि आवश्यक स्पेयर पार्ट्स नेपालमै उत्पादन भइरहेको बताउँदै उनले अटो शोमा 'मेड इन नेपाल पेभिलियन' पनि राखिएको बताए।

# अर्डर भइसकेका युरो-६ तलका गाडी आयात गर्न दिन आग्रह

**काठमाडौं, भदौ ३**

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्डर भइसकेका युरो-६ भन्दा तलका गाडी एकपटकका लागि आयात गर्न दिन सरकारसंग आग्रह गरेका छन्। नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले मंगलबारदेखि भृकुटीमण्डपमा सुरु गरेको 'नाडा अटो शो २०२५' को उद्घाटन सत्रका अवसरमा बोल्दै उनले सरकारले लागू गरेको युरो-६ मापदण्ड सही भए पनि तत्काल कार्यान्वयन गर्दा समस्या भएको बताए। व्यवसायीले अर्डर गरिसकेका युरो-६ भन्दा मुनिका गाडी ल्याउन नपाउँदा समस्या भएको भन्दै एकपटकका लागि आयात गर्न अनुमति दिन आग्रह गरेका हुन्।



कार्यक्रममा अध्यक्ष ढकालले नाडा अटो शोले बजार र ग्राहकलाई जोड्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै यसले नेपालको अर्थतन्त्रमा फाइदा पुग्ने विश्वास व्यक्त गरे। उनले पछिल्लो समय इलेक्ट्रिक गाडीको आयात बढिरहेकोले अब नेपालमा पनि गाडी एसेम्बल उद्योग, डाटा सेन्टर र वातावरणमैत्री उत्पादनको सम्भावना बढेको बताए। सरकारले हालसालै ३० भन्दा बढी उद्योग, लगानी र व्यवसायसम्बन्धी कानून परिमार्जन गरेको र यसले निजी क्षेत्रप्रतिको धारणा सकारात्मक बन्दै गएको उनले बताए। पछिल्ला केही वर्षमा नेपालले चुनौतीपूर्ण आर्थिक अवस्था भोगे पनि हाल बजारमा सुधारका संकेत देखिएको उनको भनाइ छ।

'दुई वर्षअघि भन्दा सवारीसाधनको बिक्री करिब ४० प्रतिशतले वृद्धि भएको आकलन देखिन्छ,' उनले भने, 'यसले बजारमा विश्वास बढेको देखाउँछ।' उनले कर्जा प्रवाह ८.७ प्रतिशतले बढेको बताउँदै बैंकहरूको नाफा वृद्धिमा पनि सकारात्मक संकेत देखिएको बताए। महासंघको पहलमा १० अर्ब रुपैयाँको नेपाल डेभलपमेन्ट कम्पनी स्थापना गरिएको र यो कम्पनीले पूर्वाधार, ऊर्जा, पर्यटन र उत्पादनमूलक क्षेत्रमा लगानीका अवसर सिर्जना गर्ने लक्ष्य लिएको जानकारी दिँदै अध्यक्ष ढकालले सो कम्पनीले ४० अर्ब रुपैयाँसम्मका ठूला आयोजनामा लगानी गर्न सक्ने बताए।

# यामाहाका दुई नयाँ भेरियन्ट

काठमाडौं, भदौ ३। यामाहा नेपालले दुई नयाँ भेरियन्टका मोटरसाइकल सार्वजनिक गरेको छ। यामाहाले नाडा अटो शो २०२५ को पहिलो दिन दुई नयाँ भेरियन्टहरू सार्वजनिक गरेको हो। एमटी-१५ भी २ मा अब 'आईसीई स्ट्रोम र भिभिड भोइलेट मेटबल्लिक' भेरियन्टहरू बजारमा आएका छन्।

यस्तै, एफजेड-एस भी ३ डीएसएक्स 'आईसीई एफएलयूओ भेर्मिल्लोन' भेरियन्टमा देख्न सकिन्छ। यामाहाका दुई ब्राण्डको अनावरण कार्यक्रममा एमएडब्लू राइड्स प्रालिका अध्यक्ष विष्णु अग्रवाल र नाडाका अध्यक्ष करण चौधरीको उपस्थिति थियो।

एमटी-१५ भी २ मा अब 'आईसीई स्ट्रोम र भिभिड भोइलेट मेटबल्लिक' भेरियन्ट पहिलेदेखि नै स्ट्रीटफाइटरमा नयाँ आकर्षण बनेका छन्।

एफजेड भी ३ डीएलएक्स को 'आसीई एफएलयूओ-भेर्मिल्लोन' भेरियन्टले यामाहाको प्रसिद्ध एफजेड सिरिजमा बोल्ड र आधुनिक शैली थपेको छ। यी नयाँ भेरियन्टहरूले यामाहाको विश्वव्यापी डिजाइनको पहिचान दिने र राइडरहरूलाई नयाँ ट्रेन्ड सेट गर्ने विकल्प दिएका छन्।

यामाहा ब्लू च्याम्बरका आगन्तुकहरूले यी नयाँ मोडेलहरू प्रत्यक्ष हेर्न पाउनुका साथै मोटरसाइकल र स्कूटरको सिरिज अवलोकन गर्दै अफर लिन सक्नेछन्।

नाडा अटो शोमा सार्वजनिक गरिएका दुई भेरियन्टको खरिदमा ७ हजार रुपैयाँसम्म छुट दिइने कम्पनीले जनाएको छ। यो ब्राण्ड खरिद गर्ने ग्राहकले मोटोजिपी रेस प्रत्यक्ष अनुभव गर्ने मौका पाउने र एमटी सिरिज मोटरसाइकल बुकिङ गर्दा प्रिमियम एमटी राइडिङ ज्याकेट पाइनेछ।



नाडा अटो शोमा यामाहाका अत्याधुनिक उत्पादनहरू नेपालका मोटरसाइकल प्रेमीहरूसम्म पुऱ्याउने उत्तम प्लेटफर्म भएको एमडब्ल्यू राइड्सका अध्यक्ष अग्रवालले बताए। सार्वजनिक भएका मोटरसाइकलका भेरियन्टले नेपालको शैली र प्रदर्शनप्रतिको लगाव एवम् यामाहाले सधैं प्रवर्द्धन गर्ने स्वतन्त्रताको भावना झल्काएको पनि उनले बताए।

एमएडब्लू राइड्स अन्तर्गतको यामाहा नेपाल अत्याधुनिक प्रविधि, बलियो आफ्टर सेल्स सर्भिस र देशव्यापी नेटवर्कको साथ दुई-पांग्रे सवारीका क्षेत्रमा अग्रणी रहँदै आएको छ। दैनिक प्रयोगका लागि स्कूटरदेखि रोमाञ्चक यात्रा चाहनेहरूका लागि उत्कृष्ट राइडिङ अनुभव प्रदान गर्न प्रतिबद्ध रहेको कम्पनीले जनाएको छ।

# ब्रिटिश एजुकेशनले थाल्यो बीएससी डाटा साइन्स कार्यक्रम



काठमाडौं। नेपाल-ब्रिटिश एजुकेशन ग्रुपअन्तर्गतको ब्रिटिश इन्टरनेशनल कलेजले बेलायतको प्रतिष्ठित कील विश्वविद्यालयको सहकार्यमा नेपालमा बीएससी डाटा साइन्स कार्यक्रम सुरुवात गरेको छ। कार्यक्रमले नेपालको शैक्षिक र प्रविधि क्षेत्रमा नयाँ युगको सुरुवात गरेको छ। कार्यक्रममा शिक्षा, प्रविधि, व्यवसाय, कूटनीति तथा सरकारी उच्च अधिकारीहरू, शैक्षिक विज्ञहरू, उद्यमीहरू र आकांक्षी पेशाकर्मीहरूको बाक्लो उपस्थिति रहेको थियो।

कार्यक्रमको सुरुवात ब्रिटिश एजुकेशन ग्रुपका अध्यक्ष उपेन्द्र कँडेल र कार्यकारी निर्देशक महेन्द्रराज कँडेलले गरे। कार्यक्रममा ब्रिटिश कलेजको आधिकारिक एआई रोबोट 'रोज' ले पहिलोपटक स्वागत मन्तव्य राखेकी थिइन्। साथै, एआई र डाटामा आधारित विशेष नृत्य प्रदर्शन गरिएको थियो।

कार्यक्रममा डाटा साइन्सको महत्वबारे आफ्नो विचार राख्ने विशिष्ट वक्ताहरूमा डोल्मा फण्डका प्रमुख कार्यकारी अधिकृत टिम गोचर, गुगलका पूर्व प्रोडक्ट म्यानेजमेन्ट प्रमुख जोन बी पार्क थिए। कार्यक्रममा संघीय संसद्का सांसद मनीष झा, र नेपालका लागि बेलायती राजदूत महामहिम रोब फेनको पनि उपस्थिति थियो।

राजदूत फेनले बेलायत-नेपाल शैक्षिक सहकार्यलाई रणनीतिक महत्त्व दिँदै नेपाल र विश्व पूँजी बजारबीच पुल बनाउन सके बेलायती लगानीकर्ताहरू लाभान्वित हुने विश्वास व्यक्त गरे।

ब्रिटिश एजुकेशन ग्रुपका समूह प्रमुख राजेन कँडेलले यो कार्यक्रम नयाँ मात्र नभई दुई राष्ट्र र संस्थाबीचको साझेदारीको उत्कृष्ट उदाहरणसमेत भएको बताए। फिनटेक अलायन्स नेपालका अध्यक्ष साजन शर्माले ब्रिटिश कलेजसँगको सहकार्य अझ घनिष्ठ हुने आशा व्यक्त गरे।

सो अवसरमा फिनटेक अलायन्स नेपालद्वारा 'नेपालमा डाटा एनालिटिक्सको प्रभावकारी उपयोग' शीर्षकमा भएको छलफलमा जेनेसिस सोलुसनका उपाध्यक्ष कैलाश बडु, विशेक इन्कका प्रमुख कार्यकारी अधिकृत तथा सह-संस्थापक सुरेश मानन्धर, सेन्डार गेट सर्भिसकी उपाध्यक्ष (डाटा) श्वेता कर्ण, एक्सटेन्सोका प्रमुख कार्यकारी अधिकृत सुरेश गौतम, र नामीकी अनुसन्धान सहायक अन्जु क्षेत्री सहभागी थिए।

# एनएमबि बैंकले सस्तो ब्याजमा सवारी कर्जा दिने

**काठमाडौं, भदौ ३**

एनएमबि बैंकले गाडी किन्न चाहनेहरूका लागि 'अटो लोन योजना' सार्वजनिक गरेको छ। बैंकले नाडा अटो शो र आउँदै गरेका चाडपर्वलाई लक्षित गरी ग्राहकलाई गाडी किन्न ७.१३ प्रतिशत ब्याजदरमा व्यक्तिगत सवारी साधन कर्जा दिने भएको हो।

बैंकले यो योजना सीमित अवधिका लागि ल्याएको जनाएको छ। यो योजनामा ग्राहकका लागि आवेदन प्रक्रिया सहज र लचिलो बनाइएको जानकारी बैंकले दिएको छ। विद्युतीय सवारी साधन किन्न चाहने ग्राहकका लागि यो योजना राम्रो अवसर हुने बैंकको दाबी छ। एनएमबी बैंकले यस अफरमार्फत वातावरण मैत्री सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्दै नेपालको दिगो तथा हरित भविष्य निर्माणतर्फ सहयोग गर्ने लक्ष्य लिएको छ। बैंकको यो प्रयास दिगो विकासमा टेवा पुऱ्याउने र ग्राहकलाई केन्द्रमा राखेर सेवाहरू उपलब्ध गराउने प्रतिबद्धताको एउटा उदाहरण हो।

यस अफरबारे थप जानकारी एनएमबी बैंकको नजिकको शाखा वा नाडा अटो शोमा रहेको एनएमबी बैंकको स्टल नम्बर-२४ मा बैंकको तर्फबाट उपस्थित हुने प्रतिनिधिमार्फत लिन सकिनेछ। एनएमबी बैंकले हाल देशभरी २०२ शाखा, १८७ एटीएम र ९ एक्सटेन्सन काउन्टरमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ।

# नेपाल बैंक र ओम अध्याय रिट्रिटबीच सम्झौता






काठमाडौं (संवाददाता)- नेपाल बैंक लिमिटेडका ग्राहकले मकवानपुरको बज्रबाराहीस्थित ओम अध्याय रिट्रिट प्रालि (रिसोर्ट)मा छुट पाउने भएका छन्। बैंकले उक्त रिसोर्टसँग छुट उपलब्ध गराउने सम्बन्धमा सम्झौता भएको जनाएको छ।

सम्झौताअनुसार बैंकका कर्मचारी र बैंकमा खाता रहेका ग्राहकलाई मकवानपुर जिल्लाको थाहा नगरपालिका वडा नं. १३ बज्रबाराहीमा रहेको रिसोर्ट ओम अध्याय रिट्रिटमा छुट उपलब्ध हुनेछ।

बैंकले ओम अध्याय रिट्रिट प्रालिले प्रदान गर्ने रिसोर्टका विविध सेवाहरूमा लाग्ने शुल्कहरूमा बिल रकमको १० प्रतिशत देखि १५ प्रतिशतसम्म छुट हुने जनाएको छ।

सम्झौता पत्रमा बैकको तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाशकुमार अधिकारी र ओम अध्याय रिट्रिट प्रालिका बिक्री निर्देशक सुजन अधिकारीले हस्ताक्षर गरेका छन्।

# शेयरबजारमा घट्यो कारोबार




news 24

**काठमाडौं, भदौ ३**

शेयरबजारमा कारोबार रकम घट्दै गएको छ। मंगलबार पाँच अर्ब ६३ करोड ६५ लाख रुपैयाँ बराबरको एक करोड ३१ लाख २४ हजार ३१० कित्ता शेयर किनबेच भएको छ। अघिल्लो दिन ६ अर्ब १७ करोड ९८ लाख रुपैयाँ बराबरको कारोबार भएको थियो।

कारोबार घट्दै गए पनि परिसूचक भने बढेर बन्द भएको छ। कारोबार मापक नेप्से परिसूचक ६.५१ अंकले बढेर २७७६.९० विन्दुमा बन्द भएको छ। सोमबार पनि नेप्से सामान्य बढेको थियो। कारोबारमा आएका दुई सय ४९ कम्पनीमध्ये एक सय ४२ वटाको शेयरमूल्य बढ्दा बजारमा वृद्धि देखिएको हो। बजार हरियो बने पनि एक सय सात वटा कम्पनीका शेयरधनीले गुमाएका छन्।

'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ परिसूचक पनि ०.३६ प्रतिशतले बढेर ४४७.०६ विन्दुमा पुगेको छ। यस्तै, साधारण शेयरको कारोबार मापन गर्ने फ्लोट सूचक ०.२१ प्रतिशत बढेर १९०.१९ विन्दुमा बन्द भएको छ। सेन्सिटिभ फ्लोट सूचक पनि ०.३० प्रतिशत बढेर १६३.१६ विन्दुमा पुगेको छ।

सूचीकृत १३ वटै समूह बढेका छन्। सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह ०.४६ प्रतिशत बढेको छ। त्यसपछि बैंकिङ समूह ०.४०, म्युचुअल फण्ड ०.२९, जीवन बीमा ०.२५, लगानी ०.२१, विकास बैंक ०.२०, ब्यापार ०.१८, जलविद्युत् ०.१६, लघुवित्त ०.१२, निर्जीवन बीमा ०.११, अन्य ०.०९ र फाइनान्स ०.०२ प्रतिशत बढेका छन्।

सर्वाधिक मूल्य बढ्ने पाँच कम्पनीमा सान्भी इनर्जी, पियोर इनर्जी, इस्टर्न हाइड्रोपावर, सिटी होटल र बुटवल पावर छन्। सान्भी इनर्जीको शेयरमूल्य सबैभन्दा धेरै ६.९८ प्रतिशत बढेको छ। त्यसपछि पियोर इनर्जीको ६.०९, इस्टर्न हाइड्रोपावरको ४.५८, सिटी होटलको ३.५८ र बुटवल पावर कम्पनीको ३.२२ प्रतिशत शेयरमूल्य बढेको छ।

सर्वाधिक मूल्य घट्ने पाँच कम्पनीमा नारायणी डेभलपमेन्ट बैंक, युनाइटेड मोदी हाइड्रोपावर, युनियन हाइड्रोपावर, कालिका पावर र अपर लोहोरे खोला जलविद्युत् कम्पनी छन्। नारायणी डेभलपमेन्ट बैंकको शेयरमूल्य सबैभन्दा धेरै ६.१४ प्रतिशत घटेको छ। त्यसपछि युनाइटेड मोदी हाइड्रोपावर ४.१८, युनियन हाइड्रोपावर २.७१, कालिका पावर कम्पनी २.४३ र अपर लोहोरे खेला हाइड्रोपावर २.२३ प्रतिशत घटेको छ।

युनाइटेड मोदी हाइड्रोपावरको शेयर कारोबार सबैभन्दा धेरै ३१ करोड ७२ लाख रुपैयाँ बराबरको भएको छ। त्यसपछि हिमालयन डिस्टिलरीको २८ करोड ३७ लाख, राधि विद्युत् कम्पनीको २० करोड ३३ लाख, बुटवल पावर कम्पनीको १७ करोड ५० लाख र माउन्टेन इनर्जी नेपालको १७ करोड आठ लाखको शेयर कारोबार भई सर्वाधिक कारोबार हुने पाँच कम्पनीमा छन्।

लगानीकर्ताको सम्पत्ति मंगलबारमात्रै ११ अर्ब रुपैयाँ बढेको छ। बजार पुँजीकरण ४६ खर्ब ३७ अर्ब रुपैयाँ कायम भएको छ। साधारण शेयरको कारोबार मापन गर्ने फ्लोट सूचक तीन अर्ब रुपैयाँ बढेर १५ खर्ब ७० अर्ब रुपैयाँ पुगेको छ।

**प्रमुख विवरण**

| | |
|---|---|
| नेप्से सूचक | २,७७६.९० |
| कारोबार रकम (रु) | ५,६३६,५४८,०३८ |
| कारोबार भएको शेयर संख्या | १३,१२४,३१० |
| कारोबार भएका कम्पनी | २४९ |
| बजार पुँजीकरण | ४,६३७,१३९,३१६,४९७ |

**समूहगत सूचक**

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४३९.६५ | ०.४० |
| विकास बैंक | ५,८५९.१७ | ०.२० |
| फाइनान्स | २,४८१.५० | ०.०२ |
| होटल तथा पर्यटन | ६,९६२.३९ | ०.०५ |
| जलविद्युत् | ३,६१५.३३ | ०.१६ |
| लगानी | ११२.११ | ०.२१ |
| जीवन बीमा | १३,०५४.६० | ०.२५ |
| उत्पादन तथा प्रशोधन | ७,६३३.७६ | ०.४६ |
| लघुवित्त | ५,१७९.०८ | ०.१२ |
| म्युचुअल फण्ड | २०.४१ | ०.२९ |
| निर्जीवन बीमा | १२,४०२.७९ | ०.११ |
| व्यापार | ४,१६७.९८ | ०.१८ |
| अन्य | २,६१२.२९ | ०.०९ |

**सर्वाधिक मूल्य बढेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | घटेको मूल्य प्रतिशतमा |
|---|---|---|---|
| सान्भी इनर्जी लि. | ७२७.९३ | ४७.४९ | ६.९८ |
| पियोर इनर्जी लि. | ९२५.६१ | ५३.१० | ६.०९ |
| इस्टर्न हाइड्रोपावर लि. | ६१४.७५ | २६.९० | ४.५८ |
| सिटी होटल लि. | ६०३.६० | २०.८७ | ३.५८ |
| बुटवल पावर क.लि. | ८६२.६६ | २६.९० | ३.२२ |

**सर्वाधिक मूल्य घटेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| नारायणी डेभलपमेन्ट बैंक लि. | १,४५९.२५ | -९५.४४ | -६.१४ |
| युनाइटेड मोदी हाइड्रोपावर लि. | ५८१.४१ | -२५.३९ | -४.१८ |
| युनियन हाइड्रोपावर लि. | ३९७.२६ | -११.०९ | -२.७२ |
| कालिका पावर क.लि. | ६०८.५९ | -१५.१४ | -२.४३ |
| अपर लोहोरे खोला हाइड्रोपावर क.लि. | ५०६.९० | -११.५४ | -२.२३ |

**सर्वाधिक कारोबार भएका पाँच कम्पनी**

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| युनाइटेड मोदी हाइड्रोपावर लि. | ३१७,२३७,८७२.७० | ५८२.०० |
| हिमालयन डिस्टिलरी लि. | २८३,७६६,२२८.५० | १,३९५.०० |
| राधि विद्युत् क.लि. | २०३,३७६,१५०.०० | ७७३.०० |
| बुटवल पावर क.लि. | १७५,०९६,००८.६० | ८६२.०० |
| माउन्टेन इनर्जी नेपाल लि. | १७०,८२०,०६३.४० | ६४०.५० |

# सिद्धबाबा सुरुङमार्गको भौतिक प्रगति ६० प्रतिशत



पाल्पा। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको सिद्धबाबा सुरुङमार्गको काम धमाधम भइरहेको छ। सुरुङमार्ग आयोजनाका अनुसार हाल सुरुङमार्गमा टनेल लाइनिङ (भूइँ र भित्ता ढलान) को काम भइरहेको हो। यसबाहेकका काम पनि जारी छन्।

सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको तिनाउ गाउँपालिका वडा नं. ३ दोभान सिद्धबाबा क्षेत्रमा निर्माणाधीन सुरुङमार्गको 'ब्रेक थ्रु' भएपछि कामले गति लिएको हो। हालसम्म यहाँको भौतिक प्रगति ५९ दशमलव ७३ प्रतिशत छ भने वित्तीय प्रगति ५१ दशमलव एक प्रतिशत रहेको आयोजना कार्यालयका प्रमुख कृष्णराज अधिकारीले जानकारी दिएका छन्। उनका अनुसार हाल मुख्य टनेलको भूइँ भागको एक हजार ८९ मिटर ढलान (इन्भर्ट) सकिएको छ भने दायाँबायाँ नौ सय ९४ मिटर लेपन (लाइनिङ)को काम सकिएको छ। हाल सुरुङमार्गभित्र दुई सय ९२ मिटरमा लाइनिङको काम भइरहेको छ।

**सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकखण्डको माथिल्लो सिद्धबाबा मन्दिरबाट एक हजार १२६ मिटर सुरूङमार्गको निर्माण २०७९ सालदेखि सुरू भएको हो**

सुरुङमार्गको तीन वटा बाइपासमध्ये पहिलो एक सय १५१ मिटर, दोस्रो १६१ मिटर र तेस्रो १३० मिटर छ । पहिलो बाइपासमा १४५ मिटर इन्भर्ट र १२४ मिटर लाइनिङको काम सकिएको छ। दोस्रो बाइपासमा इन्भर्टको काम १५७.८ र ८.३ मिटर लाइनिङको काम सकिएको छ। यस्तै, सुरुङमार्गको तेस्रो बाइपासमा इन्भर्टको काम एक सय १२५ मिटर र लाइनिङको काम १०४.२ मिटर भइसकेको छ। दुई लेनको मुख्य सुरुङमार्ग एक हजार ८९ मिटर लम्बाइको हुनेछ भने चौडाइ साढे १० मिटर र उचाइ करिब सात मिटर रहने छ। सुरुङमार्गको मुख्य टनेलमा अत्यावश्यक कामका सवारीसाधन ओहोरदोहोर गर्न मिल्ने अवस्था बनेको आयोजना प्रमुख अधिकारीले बताए।

सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकखण्डको माथिल्लो सिद्धबाबा मन्दिरबाट एक हजार १२६ मिटर सुरुङमार्गको निर्माण २०७९ सालदेखि सुरु भएको हो। आयोजना अन्तर्गत मुख्य सुरुङको 'ब्रेक थ्रु' भइसकेको छ।

सुरूङमार्ग पाँच वर्षमा सक्नेगरी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख ४० हजार रुपैयाँको लागतमा काम गरिरहेको छ। यहाँ २०८३ सालमा सबै काम सक्ने लक्ष्य राखिएको आयोजना कार्यालयले जनाएको छ। रासस

# अब टिकटकमा देखिनेछ नेपाली पर्यटनका कथा



काठमाडौं। नेपालले सामाजिक सञ्जाल 'टिकटक' को उपयोग गर्दै आफ्नो कथा संसारभर सुनाउने भएको छ। नेपाल पर्यटन बोर्डले नेपालाई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले टिकटकसँग साझेदारी गरिएको जनाएको छ। यस साझेदारीले नेपालका प्राकृतिक दृश्य, सांस्कृतिक सम्पदा, पर्व-उत्सव, खानपान र साहसिक अनुभवलाई विश्वका करोडौं डिजिटल दर्शकमाझ पुऱ्याउने लक्ष्य लिइएको छ।

मंगलबार आयोजित साझेदारीपत्र आदानप्रदान कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटन बोर्ड र टिकटकबीचको यो सम्झौता केवल प्रचारप्रसारको काममात्र नभई नेपाललाई नयाँ पुस्तासम्म पुऱ्याउने अभियान भएको बताए।

आजका युवाले भ्रमणको निर्णय गर्नुअघि वास्तविक कथा र अनुभव खोज्न चाहने बताउँदै टिकटकमार्फत उनीहरूसम्म नेपालका अद्वितीय पर्यटकीय गन्तव्यका कथा सुनाउने र देखाउने अवसरको उपयोग हुने विश्वास व्यक्त गरे।

मन्त्री पाण्डेले पर्यटनलाई नेपालको समग्र आर्थिक विकासको मेरुदण्डका रूपमा उल्लेख गर्दै यस सहकार्यमार्फत ग्रामीण समुदाय, साना व्यवसायी र स्थानीय पथप्रदर्शकलाई प्रत्यक्ष फाइदा आशा व्यक्त गरे। 'डिजिटल प्लेटफर्ममा देखिने कथा नै विश्वयात्रुका लागि पहिलो प्रेरणा बन्न थालेका छन्। त्यसैले टिकटकसँगको सहकार्यले नेपाललाई डिजिटल पुस्तासम्म पुऱ्याउने बाटो खोलिदिएको छ,' उनले भने।

पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालको सौन्दर्य र आत्माको कथा संसारभर पुऱ्याउन महत्वपूर्ण समझदारी भएको उल्लेख गरे। 'हाम्रो लामो प्रयासलाई अब टिकटकको विश्वव्यापी पहुँचले थप बल दिनेछ। यो सहकार्यले केवल बाहिरी पर्यटकलाई आकर्षित गर्ने मात्र नभइ स्वदेशमा रहेका युवालाई पनि आफ्नो संस्कृति, पर्व र अनुभवलाई नयाँ ढंगले अभिव्यक्त गर्ने अवसर दिनेछ,' उनले भने।

सीईओ जोशीका अनुसार बोर्डले अन्तर्राष्ट्रियस्तरका 'ट्राभल कन्टेन्ट क्रिएटर'लाई नेपालमा आमन्त्रित गर्नेछ र उनीहरूलाई हिमाल, ताल, मठ-मन्दिरदेखि 'होमस्टे'सम्म पुऱ्याएर प्रचारप्रसार गर्ने योजना बनाएको छ।

साझेदारीअन्तर्गत टिकटकले नेपालमै डिजिटल प्लेटफर्ममार्फत कथा सुनाउने विषयमा कार्यशाला गर्नेछ। जसमा नेपाली 'कन्टेन्ट क्रिएटर'लाई दर्शक विस्तार, ब्रान्ड सहकार्य र विश्वस्तरीय प्रस्तुतीकरणबारे तालिम दिइनेछ।

कार्यक्रममा टिकटकका दक्षिण एसिया सार्वजनिक नीति प्रमुख फर्दोस मत्ताकिनले टिकटकमार्फत हरेक दिन करोडौं मानिसले नयाँ गन्तव्य र अनुभव खोजी गर्ने भएकाले नेपालको पर्यटन प्रवर्द्धनमा यस सहकार्यले योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

'टिकटकमा हरेक दिन करोडौं मानिस नयाँ गन्तव्य र अनुभव खोज्छन्। नेपालजस्तो हिमाल, अध्यात्मक, विविध संस्कृतिले भरिपूर्ण देशलाई छोटा भिडियोमार्फत संसारभर पुऱ्याउन पाउनु हाम्रो लागि गर्वको विषय हो। यस सहकार्यले नेपाललाई विश्वका पर्यटकको 'बकेटलिस्ट' मा बलियो गरी स्थापित गर्नेछ,' उनले भने।

समझदारी अनुसार सन् २०२५ को बाँकी अवधिभर यो अभियान चरणबद्धरूपमा सञ्चालन गरिनेछ। यसबीच काठमाडौंमा 'भिजिट नेपाल' कार्यक्रम आयोजना हुनेछ र जसमा अन्तर्राष्ट्रिय 'कन्टेन्ट क्रिएटर', सांस्कृतिक दूत र पर्यटन व्यवसायीको सहभागिता रहनेछ। नेपाल पर्यटन बोर्ड र टिकटकको यो समझदारीले नेपाललाई नयाँ पुस्ता, नयाँ बजार र नयाँ विश्वपर्यटन सन्दर्भमा 'डिजिटल पुल' को काम गर्ने विश्वास गरिएको छ।

# अचारले आत्मनिर्भर बन्दै महिला

महोत्तरी। बर्दिबास नगरपालिका वडा नं. १२ का ११ जना महिलाले सामूहिकरूपमा 'पञ्चधुरा होममेड अचार उद्योग'मार्फत आत्मनिर्भरतर्फको पाइला चालेका छन्। बर्दिबास-१२ चल्कीबिजलपुराकी प्रतिमा कोइरालाले दुई वर्षअघि दशैंताका केही गर्नुपर्छ भन्ने सोचसहित स्थानीय सामग्रीको सदुपयोग गरी विभिन्न किसिमका अचार बनाएर बजारीकरण गर्ने योजना बनाइन्। 'त्यसपछि घरमा विभिन्न थरीका अचार बनाउन थालें। विस्तारै बजारीकरणमा पहल थालेपछि अचारले राम्रो बजार पायो र यसलाई निरन्तरता दिन थालें,' उनले भनिन्।

नेपाली कांग्रेस महासमिति सदस्यसमेत रहनुभएकी कोइरालाले तिहारमा अचारको माग बढेसँगै पर्वलक्षित परिकार बनाउने र बेच्ने योजना बनाइन्। 'सेल, अनरसा, खजुरी, पत्रे र नमकिनका विभिन्न परिकार बनाउन थालें। बजारमा माग हुन थाल्यो। त्यसपछि महिला दिदीबहिनीसँग सेल, अनरसा, खजुरी, पत्रे र नमकिनसहित आचार उद्योग सञ्चालनका लागि 'पञ्चधुरा होममेड अचार' उद्योग दर्ता गऱ्यौ,' उनले भनिन्।



उत्पादित वस्तुको माग धान्न नसकेपछि कोइरालाले एक वर्ष लगाएर छरछिमेकका दिदीबहिनी जुटाएर समूह बनाइन्। २०८१ भदौमा समूह बनेपछि साविक नाममा 'उद्योग' थपियो। 'एघारजना महिलाको समितिलाई काम भ्याइनभ्याइ छ,' उनले भनिन्। हाल समूहले आँप, अमला, खोर्सानी, लसुन, अदुवा, सर्स्यू, लप्सीलगायत विभिन्न किसिमका अचार उत्पादन गर्दै आएको छ। घरबाट सञ्चालन हुँदै आएको उद्योग गत साउनदेखि पूर्व-पश्चिम लोकमार्गसँगैको घरमा भाडामा सञ्चालित छ।

उद्योगमा सेल र बदाम (चना) को घुगनी (तरकारी) खान टाढाटाढाबाट ग्राहक आउने गरेको समूहकी सदस्य शारदा कोइरालाले जनाइन्। बिहानबेलुका अचार बनाइने र दिउँसो सेल र चनाको घुगनी बनाएर बेच्न गरिएको उनले बताइन्। बर्दिबासस्थित मालपोत, यातायात, आन्तरिक राजस्व तथा नापी कार्यालय, नेपाल टेलिकम र जिल्ला ट्राफिक प्रहरी कार्यालयमा आउने सेवाग्राही र कर्मचारी नियमित ग्राहक बनेका छन्।

पञ्चधुरा 'होममेड' अचार उद्योगमा आबद्ध ११ जना महिलाले एक वर्षअघि प्रतिव्यक्ति १० हजार रुपैयाँका दरले लगानी गरी कारोबार सुरु गरेको समूहकी सचिव उषा ढकालले बताइन्। 'समूहमा भएपछि एकअर्काको सीप र आपसी सल्लाहबाट धेरै कुरा जानिने रहेछ,' समूहमा आबद्ध लक्ष्मी कोइरालाले भनिन्, 'आगामी दिनमा थप परिकार विस्तार गरी महिलाको संख्या पनि थप्दै जाने योजना छ।'

समूहका महिलाको संकल्प र लगन उदाहरणीय रहेको बर्दिबास नगरपालिकाका उपप्रमुख तारादेवी महतोले बताउँछिन्। 'दिदीबहिनीले उदाहरणीय काम गरी हौसला देखाउनुभएको छ। उद्योगलाई अझ सुदृढ बनाउन र अन्य महिलालाई पनि विभिन्न आर्जनमूलक सीप सिकाएर काममा जोड्नका लागि पहल गर्नेछु,' उनले भनिन्। *रासस*


# डिजेल चोर्ने गिरोह पक्राउ

भक्तपुर। विभिन्न ठाउँमा पार्किङ गरिरहेको सवारीसाधनहरूबाट पेट्रोलियम पदार्थ चोरी गर्दै हिँड्ने गिरोहलाई प्रहरीले पक्राउ गरेको छ। चाँगुनारायण नगरपालिका-३ झौखेलस्थित एउटा इँटाभट्टामा रोकिराखिएको निसान ट्रकबाट डिजेल चोरी गर्दै गरेको अवस्थामा स्थानीयले गिरोहका चारजनालाई पक्राउ गरी प्रहरीलाई बुझाएका हुन्।

पक्राउ पर्नेमा बस चालक काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिका वडा नं. ११ घर भई हाल च्यामासिंह बस्ने ३२ वर्षीय सरोज सुनार, बसको सहचालक चाँगुनारायण नगरपालिका वडा नं.७ बागेश्वरी बस्ने ३२ वर्षीय अमीर लामा, सूर्यविनायक नगरपालिका वडा नां. ७ बस्ने २७ वर्षीय सुमन तामाङ र काठमाडौं थानकोट घर भई हाल च्यामासिंह बस्ने २७ वर्षीया पूर्णिमा महर्जन रहेका छन्।

बा४ख ४२८० नम्बरको बसमा आएका उनीहरूले ४० लिटर डिजेल चोरी गर्दै गरेको अवस्थामा पक्राउ परेका हुन्। *रासस*

# नकुहिने फोहर बेचेर कमाउँदै



तनहुँ। व्यास नगरपालिकाले नकुहिने फोहर बिक्री गरी ११ महिनामा रु १५ लाख ३२ हजार ८३७ आम्दानी गरेको छ। नगरपालिकाले गत भदौदेखि फोहर संकलन गरी व्यवस्थित गर्न थालेको थियो। नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तु बिक्रीका लागि बोलपत्र आह्वान गरी बिक्री गर्न थालिएको नगरपालिकाको वन, वातावरण तथा सरसफाइ शाखाले जनाएको छ।

'व्यास नगरपालिका परिसरमा 'बेलिङ' मेसिन जडान गरी नकुहिने प्लास्टिकजन्य, फलामजन्य र कागजजन्यलाई ठूलो आकारबाट दाबेर सानो आकारमा परिणत गरी भण्डारण गर्ने गरिएको छ,' प्रमुख प्रशासकीय अधिकृत काशिराम गैरेले जनाए।

रेडबुललगायत आल्मुनियम प्रतिकेजी ६०, फलाम प्रतिकेजी ३५, टिन २५, पानीको बोतल तथा अन्य बोतल २३, कपडा पाँच रुपैयाँ ५० पैसा, कपी १६ र किताब १४ दररेट कायम गरिएको उनले बताए। नगरपालिकाले यसअघि वडा नं ३ मादी नदी किनारस्थित भतेरीमा नकुहिने फोहर व्यवस्थापन गर्दै आएको थियो। त्यस क्षेत्रको सम्झौता अवधि सकिएकाले अर्को व्यवस्था नहुँदासम्म कार्यालय परिसरबाटै फोहर व्यवस्थापन गरिएको हो।

'नगरपालिका क्षेत्रमा हाल दैनिक १५ टन नकुहिने र सात टनको हाराहारीमा कुहिने फोहर संकलन हुँदै आएको छ,' उनले भने, 'पछिल्लो समय कबाडीको महत्त्व बुझ्न थालेपछि अन्य मानिसले पनि सङ्कलन गरी बिक्री गर्न थालेका छन्।'

कुहिने फोहरलाई नगरले व्यास-१० स्थित गौ संरक्षण केन्द्र भतेरीमा व्यवस्थापन गर्दै आएको छ। नकुहिने फोहरको दिगो व्यवस्थापनका लागि वडा नं १३ मा जग्गा खरिद प्रक्रिया अगाडि बढाइएकामा त्यहाँ पनि स्थानीयले विरोध गरेकाले जग्गा खरिद प्रक्रिया हाललाई रोकिएको छ।

नगरपालिकाले सरसफाइ क्षेत्रमा लाखौं खर्च गर्दै आएकामा अब फोहरबाट आम्दानी गर्न थालेको व्यास नगरप्रमुख वैकुण्ठ न्यौपाने बताउँछन्। *रासस*





# हनुमानढोकामा 'फ्लाइट एण्ड फ्रेम'





तस्बिर : नेपाल फोटो लाइब्रेरी

विश्व फोटोग्राफी दिवसका अवसरमा काठमाडौंको हनुमानढोका परिसर मंगलबार फोटो प्रदर्शनी गरिएको छ। राष्ट्रिय फोटोपत्रकार समूहले अध्यक्ष प्रदीपराज वन्तको 'फ्लाइट एण्ड फ्रेम' शीर्षकमा प्रदर्शनी गरिएको हो।

लामो समयदेखि फोटोपत्रकारिता गर्दै आएका वन्तले विभिन्न ठाउँमा खिचेका फोटालाई अवलोकर्ताले चाख मानेर रहे। दिउँसो २ बजेदेखि ५ घण्टा राखिएको प्रदर्शनीमा वन्त खिचेका ६० वटा फोटोहरू थिए। माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएका बेला २०७९ सालमा वन्तले उनको अफिसियल फोटोग्राफर भएर काम गरेका थिए। आफूले त्यसबेला हवाईजहाजबाट खिचेका फोटोहरूलाई प्रमुखता दिँदै प्रदर्शनीमा राखेको वन्तले बताए। आकाशमैत्री दृष्टिकोणले नेपालका भौगोलिक विविधता, पर्यटकीय आकर्षण र प्राकृतिक सुन्दरतालाई प्रस्तुत गर्ने तस्बिरहरूलाई प्रदर्शनीमा आएर हेर्नेले मन पराएका छन्।

समूहमा महासचिव घनश्याम श्रेष्ठ भन्छन्, 'यो प्रदर्शनीले फोटोग्राफी दिवसलाई मात्र अर्थपूर्ण बनाएको नभई फोटो पत्रकारिताको महत्त्व र योगदानलाई समाजसामु अझ स्पष्टरूपमा देखाएको छ।' आगामी दिनमा संस्थाले अन्य सदस्यहरूको पनि एकल प्रदर्शनी गर्दै लैजाने योजना बनाएको उनले बताए।

कार्यक्रमको उद्घाटन संस्थाका पूर्वअध्यक्ष तथा वरिष्ठ फोटोपत्रकारहरू मीनरत्न बज्राचार्य र कवीन्द्रमान शाक्यले संयुक्तरूपमा गरेका थिए। कार्यक्रममा सदस्यहरू, फोटोपत्रकार, सञ्चारकर्मी, फोटोग्राफर, विद्यार्थी तथा फोटोप्रेमीहरूको उल्लेख्य उपस्थिति थियो। प्रदर्शनी सर्वसाधारणलाई लक्षित गरिएको थियो।

राष्ट्रिय समाचार समितिका वरिष्ठ फोटोपत्रकारसमेत रहेका वन्तले यो प्रदर्शनी केवल पेसागत उपलब्धि मात्र नभई लामो अनुभव र यात्राको परिणाम पनि भएको बताएका छन्।



रुसको क्रेमलिनस्थित सडकमा नाच्दै स्थानीय युवतीहरू। *तस्बिर : एपी*

# विषाक्त खानाले रोकियो रणवीरको 'धुरन्धर'



बलिउड अभिनेता रणवीर सिंहको नयाँ फिल्म 'धुरन्धर'को छायांकन रोकिएको छ। छायांकनका क्रममा लद्दाखको लेहमा 'फुड पोइजन'का कारण धेरै जना बिरामी परेपछि समस्या भएको हो। भारतीय सञ्चारमाध्यमहरूका अनुसार घटना गत आइतबार भएको हो। विषाक्त खानाका कारण १२० भन्दा बढी बिरामी परेका छन्। ती क्रू सदस्यलाई अस्पताल भर्ना गर्नु परेको खबरमा जनाइएको छ।

फिल्मको छायांकन पथार साहिब क्षेत्रमा भइरहेको थियो। ६०० जनाभन्दा बढी खटिएका थिए। खाना खाँदा धेरै जनालाई पेट दुख्ने र वान्ता आउने भएको थियो। घटनापछि प्रभावित क्रू सदस्यहरूलाई तत्कालै लेहको एसएनएम अस्पतालमा भर्ना गरिएको थियो। अस्पतालका मेडिकल सुपरिटेन्डेन्टका अनुसार सबै बिरामीहरूको उपचार भइरहेको छ। फिल्मको निर्देशक आदित्य धरका अनुसार उक्त घटनापछि सुटिङ अस्थायी रूपमा रोकिएको छ। स्वास्थ्य समस्या भएका क्रू सदस्यहरूको उपचारपछि मात्र सुटिङ पुनः सुरु गरिने बताइएको छ। स्वास्थ्य अधिकारीहरूले घटनाको अनुसन्धान सुरु गरेका छन् र खाना नमूनाहरू परीक्षणका लागि पठाइएको छ। 'धुरन्धर' एक्सन थ्रिलर फिल्म हो, जसमा रणवीर सिंह मुख्य भूमिकामा छन्। फिल्ममा संजय दत्त, आर माधवन, अक्षय खन्ना, अर्जुन रामपाल र सारा अर्जुन पनि प्रमुख भूमिकामा देखिनेछन्।

# तन्नेरीको रोजाइमा टेलिभिजनभन्दा बढी स्ट्रिमिङ



अमेरिकामा टेलिभिजन च्यानलका दर्शकको बानीमा ठूलो परिवर्तन आएको छ। नाइलसेनको रिपोर्टअनुसार गत मे महिनामा पहिलोपटक स्ट्रिमिङ सेवाहरूले धेरै दर्शक पाएको छ। विशेषगरी युट्युब र नेटफ्लिक्सलाई दर्शकले केबल टेलिभिजनभन्दा बढी प्रयोग भएका छन्। टेलिभिजन हेर्ने समयमा स्ट्रिमिङको हिस्सा ४४.८ प्रतिशत पुगेको छ भने प्रसारण र केबल मिलाएर ४४.२ प्रतिशतमात्रै भएको छ।

यीमध्ये युट्युब सबैभन्दा अगाडि रह्यो। एक्लै यसले मे महिनामा १२.५ प्रतिशत हिस्सा ओगट्यो, जुन कुनै पनि स्ट्रिमिङ सेवाले पाएको सबैभन्दा ठूलो हिस्सा हो। नेटफ्लिक्स पनि बलियो रह्यो। त्यस्तै विज्ञापनसहित निःशुल्क उपलब्ध हुने प्लुटो टीभी, रोकु च्यानल र टुबीजस्ता च्यानलहरूले संयुक्त रूपमा ५.७ प्रतिशत हिस्सा पाए, जुन कुनै एकल प्रसारण नेटवर्कभन्दा बढी हो। यसले दर्शकको रोजाइ फेरिएको दोखाएको छ। विशेषगरी युवा पुस्ता अब परम्परागत टेलिभिजनभन्दा अनलाइन स्ट्रिमिङतर्फ बढी आकर्षित भएका छन्।

यसैबीच नेटफ्लिक्सको कोरियन सिरिज 'स्क्वीड गेम' अझै पनि सबैभन्दा लोकप्रिय बनेको छ। जसको तेस्रो र अन्तिम सिजन गत जुन २७ मा रिलिज भएको हो। उक्त सिजन केवल तीन दिनमै ६० मिलियनभन्दा बढी पटक हेरिएको र ३६८ मिलियन घण्टा भन्दा बढी समय स्ट्रिम भएको रिपोर्ट छ। यसले नेटफ्लिक्सको इतिहासमै सबैभन्दा ठूलो टेलिभिजन लन्चको रेकर्ड तोड्यो।

२०२५ को मध्यसम्ममा 'स्क्वीड गेम' १५ अर्बभन्दा बढी मिनेट स्ट्रिमिङ समय हासिल गरेर सर्वाधिक हेरिएको कार्यक्रमको सूचीमा शीर्ष स्थानमा छ। यसले एमेजोन प्राइमको 'रीचर' र नेटफ्लिक्सकै 'दी नाइट एजेन्ट' जस्ता सिरिजलाई पछाडि पारेको छ।

तथ्यांकहरूले अब मनोरञ्जनको मुख्य स्रोत डिजिटल र स्ट्रिमिङ प्लेटफर्म बन्न थालेको प्रष्ट पारेको छ। प्रसारण र केबल टेलिभिजनको प्रभाव घट्दो क्रममा छ भने युट्युब, नेटफ्लिक्स जस्ता प्लेटफर्मले दर्शकलाई नयाँ ढंगले बाँधिरहेका छन्। 'स्क्वीड गेम'जस्तो शृंखलाले यस प्रवृत्तिलाई अझ स्पष्ट बनाएको छ।



# ग्यान्डाल्फ र फ्रोडोको पुनरागमनको संकेत



फिल्म 'लर्ड अफ द रिङ्स' हेरेर मन पराउनेहरूका लागि खुसीको खबर छ। मध्य-पृथ्वीको संसारमा एउटा नयाँ अध्याय थपिँदैछ। नयाँ कथामा केही पुराना र मन पराइएका पात्रको फर्कने संकेत छ। प्रख्यात अभिनेता सर इयान म्याकेलनले हालै लण्डनमा एक कार्यक्रममा आगामी फिल्म 'लर्ड अफ द रिङ्स : द हन्ट फर गोलम' मा ग्यान्डाल्फ र फ्रोडो ब्यागिन्स देखिने खुलासा गरेका छन्। यो घोषणाले विश्वभरका फ्यानहरूलाई उत्साहित बनाएको छ।

'द हन्ट फर गोलम' वार्नर ब्रोजले बनाउन लागेको 'लर्ड अफ द रिङ्स' शृंखलाको नयाँ फिल्म हो, जसको निर्देशन गोलमको भूमिकामा जीवन्त अभिनय गरेका एन्डी सर्किस आफैंले गर्दैछन्। सर्किस निर्देशनका साथै गोलमको मुख्य भूमिकामा पनि आफैं फिल्ममा देखिने छन्।

'लर्ड अफ द रिङ्स' ट्रिलोजीलाई विश्वमाझ चिनाउने निर्देशक पिटर ज्याक्सन र कथा लेखनमा उनका साझेदारहरू फ्रान वाल्श र फिलिपा बोयन्सले निर्माताको रूपमा यो परियोजनालाई अगाडि बढाउँदैछन्। उनीहरूले पटकथा लेखनदेखि निर्माणको हरेक चरणमा संलग्न हुने बताएका छन्, जसले गर्दा फिल्मको स्तर र कथा मूल ट्रिलोजीजस्तै हुने अपेक्षा गरिएको छ। यो फिल्म आगामी वर्ष रिलिज हुने घोषणा भइसकेको छ।

कथा जेआरआर टोल्किनको उपन्यास 'द लर्ड अफ द रिङ्स' को परिशिष्टमा आधारित हुनेछ। कथाको टाइमलाइन 'द हबिट' को घटनापछि र 'द फेलोसिप अफ द रिङ' को मुख्य घटना सुरु हुनुभन्दा अघिको हुनेछ।

फिल्मले त्यो समयको कथा भन्नेछ जब ग्यान्डाल्फलाई 'एउटै औंठी'को बारेमा शंका लाग्न थाल्छ र गोलमले मोर्डोरमा साउरोनका सेवकहरूलाई औंठीको रहस्य बताइसकेको हुन्छ। फ्रोडो र औंठीलाई सुरक्षित राख्न, ग्यान्डाल्फले अरागोर्नलाई गोलमलाई खोजेर समात्न र ऊबाट सत्य पत्ता लगाउन पठाउँछन्। यसैले फिल्मको नाम 'द हन्ट फर गोलम' (गोलमको खोजी) राखिएको हो र यसले अरागोर्नको त्यो खतरनाक यात्रालाई देखाउने सम्भावना छ।

'लर्ड अफ द रिङ्स' को यो नयाँ कथामार्फत फिल्ममा परिचित अनुहारहरू फर्कनेछन्। इयान म्याकेलनले भनेअनुसार फिल्ममा फ्रोडो र ग्यान्डाल्फ नामका पात्र पनि छन्। यद्यपि उनले आफू र एलिजाह वुडले नै भूमिका खेल्ने हो/होइन भन्ने स्पष्ट पारेका छैनन्। तर उनको यो भनाइलाई ठूलो संकेतको रूपमा लिइएको छ। एलिजाह वुडले पनि विगतमा आफूलाई सही कथा र सम्मानका साथ बनाइएको खण्डमा फ्रोडोको भूमिकामा फर्कन इच्छुक रहेको बताएका थिए।

कथाको केन्द्रमा अरागोर्नको भूमिका हुने भएकाले अभिनेता भिगो मोर्टेनसेनको पुनरागमनको पनि चर्चा छ। भिगोले पनि यदि कथा र पात्रको उमेरअनुसार भूमिका सुहाउँदो भएमा आफू फर्कन तयार रहेको बताएका छन्, जसले फ्यानहरूमाझ थप आशा जगाएको छ।

गोलम 'लर्ड अफ द रिङ्स' को सबैभन्दा जटिल र दुःखद पात्रहरूमध्ये एक हो। ऊ कुनैबेला स्मिगोल नामको एक हबिट थियो, तर औंठीको शक्तिले उसलाई विकृत र लोभी बनाइदियो। एन्डी सर्किसले 'पर्फर्मेन्स क्याप्चर' प्रविधिमार्फत यस पात्रलाई पर्दामा जीवन्त बनाएका थिए। अब उनी आफैंले निर्देशन गर्दा, पात्रको मनोवैज्ञानिक गहिराइ र उसको द्वन्द्वलाई अझ मार्मिक तरिकाले प्रस्तुत गर्ने अवसर मिल्नेछ।

पिटर ज्याक्सनको टोलीको पुनरागमन र एन्डी सर्किसको दोहोरो भूमिकाले 'द हन्ट फर गोलम'लाई केवल एउटा नयाँ फिल्ममात्र नभई, मध्य-पृथ्वीको संसारमा एउटा भावनात्मक र रोमाञ्चक फिर्तीका रूपमा हेरिएको छ। इयान म्याकेलनको सानो खुलासाले यसको उत्साहलाई अझ उचाइमा पुऱ्याइदिएको छ। *(एजेन्सी)*



नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला